= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, महेशराज पन्तको *इतिहास-संशोधन* ५६ क्रमागत संख्या – *लिच्छविकालको अङ्कपरिचय*–
प्रसिद्ध भारतीय विद्वान् काशीप्रसाद जायसवालले आफ्नो कुरा टाकटुक पारी मिलाउन ४३५ लाई ४१५ भनी पढेको सर्वथा अशुद्ध हो।

महेशराज पन्त २०३५

= वि.सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४१ पूर्णाङ्कका २३-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्लसम्बन्धी तात्कालिक अप्रकाशित लेख*।

महेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४८ पूर्णाङ्कका १९-२३ पृष्ठमा छापिएको, महेशराज पन्तको *योगनरेन्द्र मल्लको राज्याभिषेकको लागि टिपिएको कर्मकाण्डसम्बन्धी टिपोट*।

महेशराज पन्त २०४२

= वि.सं. २०४२ मा प्रकाशित *पूर्णिमा* ६७ पूर्णाङ्कका ४२-४६ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लले गरिदिएका दुइवटा ताडपत्र*।

महेशराज पन्त २०४४

= वि.सं. २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *द गोपालराजवंशावली सरसरी हेर्दा*।

महेशराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७४ पूर्णाङ्कका १-३ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५१६ को काठमाडौँको एउटा लिखतपत्र*।

महेशराज पन्त २०४५ क

= *पूर्णिमा* ७४ पूर्णाङ्कका ३-८ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा शिलालेख (वि.सं. १५०७,[२८] १५३३)*।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

---

२८. प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०:३० मा १० सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५० क

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ९-४० पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५३ क

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ९१ पूर्णाङ्कका ५-७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य गइसकेपछि पनि नेवारी ढङ्गमै ताडपत्रमा लेखिएका लिखतमा ब्राह्मण*।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका ११-१२ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लका, अहिलेसम्म प्रकाशमा नआएका, ३ वटा ताडपत्र*।

महेशराज पन्त २०५६ क

= *पूर्णिमा* ९७ पूर्णाङ्कका ४२-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – ताडपत्रमा लेखिएका १३ वटा थप लिखतपत्र*।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप' ज् कम्एन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४६३ देखि १४८६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ३८ वटा लिखतपत्र*।

महेशराज पन्त २०५७ ख

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र*।

महेशराज पन्त २०५७ ग

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र*।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३६ देखि १५५६ सम्मका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १४ वटा लिखतपत्र*।

महेशराज पन्त २०६० क

= *पूर्णिमा* १०८ पूर्णाङ्कका १६-३५ पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंहभन्दा अगाडिका, पाटनका शासकसँग सम्बद्ध, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १७ वटा लिखतपत्र*।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था*।

महेशराज पन्त २०६२ क

= *पूर्णिमा* ११८ पूर्णाङ्कका १८-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५१४ देखि १८२५ भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ८ वटा पत्र*।

महेशराज पन्त २०६२ ख

= *पूर्णिमा* ११८ पूर्णाङ्कका ३१-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३८ देखि १८३६ भित्रका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ११ वटा लिखतपत्र*।

महेशराज पन्त २०६२ ग

= *पूर्णिमा* ११८ पूर्णाङ्कका ५३-६७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीगूठीसम्बन्धी, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा पत्र*।

महेशराज पन्त २०६२ घ

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११९ पूर्णाङ्कका १-१३ पृष्ठमा छापिएको, महेशराज पन्तको *के कैलासकूटवज ठीक पाठ हो*।

महेशराज पन्त २०६२ ङ

= *पूर्णिमा* ११९ पूर्णाङ्कका १४-२४ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लको पालाका ३ वटा शिलालेख*।

महेशराज पन्त २०६२ च

= *पूर्णिमा* ११९ पूर्णाङ्कका २५-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लको पालामा सारिएका ९ वटा पुस्तकको पुष्पिका*।

महेशराज पन्त २०६२ छ

= *पूर्णिमा* ११९ पूर्णाङ्कका ४५-७० पृष्ठमा छापिएको, महेशराज पन्तको[२९] *यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका पत्रको सूची*।

महेशराज पन्त २०६२ ज

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* १२१ पूर्णाङ्कका १५-२८ पृष्ठमा छापिएको, महेशराज पन्तको *कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको कोष यसो हेर्दा*।

महेशराज पन्त छापिन बाँकी

= *यक्ष मल्ल वा उनको पालाका ७ वटा लेख*।

महेशराज पन्त छापिन बाँकी क

= *यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका, सोझो डिको भएका लिखतपत्रका फ्याक्सिमिलि*।

महेशराज पन्त छापिन बाँकी ख

= *ताडपत्रमा लेखिएका, दण्डको तल चिह्न भएका केही लिखतपत्रको फ्याक्सिमिलि*।

महेशराज पन्त छापिन बाँकी ग

= *गौरीको विषयमा*।

---

२९. यसमा सहायक राजेश आचार्य र ज्ञानबहादुर के.सी. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त छापिन बाँकी घ
= *श्रीकण्ठको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ङ
= *प्रतिबिम्ब शब्दको प्रयोगको विषयमा।*

महेशराज पन्त छापिन बाँकी च
= *फलकेको अर्थको विषयमा।*

महेशराज पन्त छापिन बाँकी छ
= *लावडको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ज
= *दिनक्षयसङ्क्रान्तिको अर्थको विषयमा।*

महेशराज पन्त छापिन बाँकी झ
= *पसादचवदशको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ञ
= *चतावमंढेको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ट
= *विश्वसङ्क्रान्तिको अर्थको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ठ
= *सुखरात्रिको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ड
= *ब्यंको विषयमा।*

महेशराज पन्त छापिन बाँकी ढ
= *माथ, माथलडुवा र लडुवामाथ शब्दको प्रयोगका केही सन्दर्भ।*

महेशराज पन्त छापिन बाँकी ण
= *शिवकाको विषयमा।*

महेशराज पन्त छापिन बाँकी त
= *बांडलठुको विषयमा।*

महेशराज पन्त र ऐश्वर्यधर शर्मा २०३४
= ई.सं. १९७७ (वि.सं. २०३४) मा काठमाडौँवाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको *द टू अर्लिएस्ट् कप्अर्-प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्* (नेपालका दुइवटा सबभन्दा पुराना ताम्रपत्र)।

महेशराज पन्त र दिनेशराज पन्त २०३६
= वि.सं. २०३६ मा प्रकाशित *पूर्णिमा* ४३ पूर्णाङ्कका १०५-१५२ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *नेपाल-खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला।*

महेशराज पन्त र दिनेशराज पन्त छापिन बाँकी
= *संसारदेवी परलोक भएको दिन।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुकुन्दराज अर्याल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट भक्तपुरविकाससहयोगसङ्घद्वारा प्रकाशित *खोपृङ* ११ अङ्कको ३१ पृष्ठमा छापिएको, मुकुन्दराज अर्यालको *भक्तपुरको एक अप्रकाशित ठ्यासफू*।

मुनीश्वर झा २०२७/२८

= विलियम ड्वाइट ह्विट्नीमा हेर्नू।

मोनियर मोनियर-विलियम्ज १९५६

= ई.सं. १८९९ (वि.सं. १९५६) मा अक्स्फर्डबाट क्ल्यार्अन्डन प्रेसद्वारा प्रकाशित, मोनियर मोनियर-विलियम्जको *अ स्यान्स्क्रिट्-इङ्ग्लिश् डिक्शन्अरि* (संस्कृत-अङ्ग्रेजीकोष)।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री*।

याकोब वकर्नागल २०३४/३५

= ई.सं. १९७८ (वि.सं. २०३४/३५) मा गोत्तिङ्गेनबाट वान्देन्होएक उन्द रूप्रेख्तद्वारा पुनः प्रकाशित, याकोब वकर्नागलद्वारा रचित र अल्बेर्त देब्रुन्नेरद्वारा परिवर्धित *आल्त्इन्दिशे ग्राम्मतिक्* (प्राचीन भारतीय भाषाको व्याकरण) १ भाग।

यासुओ मात्सुनामी

= तोक्योबाट ताइशोविश्वविद्यालयको दि इन्स्टिटचुट फर कम्प्रिहेन्सिभ स्टड्इज अफ बुड्इज्मद्वारा प्रकाशित *फ्याक्सिम्इलि एडिशन् अफ् दि अभिसमाचारिक-धर्म अफ द महासांघिक-लोकोत्तरवादिन्* (महासाङ्घिक-लोकोत्तरवादीको *अभिसमाचारिक-धर्म*को फ्याक्सिमिलि)का १३१-१५३ पृष्ठमा छापिएको, यासुओ मात्सुनामीको *द स्क्रिप्ट् अफ् दि अभिसमाचारिक-धर्म पाम्-लीफ् म्यान्युस्क्रिप्ट्* (ताडपत्रमा लेखिएको *अभिसमाचारिक-धर्म*को लिपि)।

योगेश राज २०५७

= वि.सं. २०५७ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ५ वर्ष १ अङ्कका ३-११ पृष्ठमा छापिएको, योगेश राजको *ने.सं. ५००-६०० सम्मका अभिलेख*।

योगेश राज २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, *प्राचीन नेपाल* १५६ संख्याका १-१० पृष्ठमा छापिएको, योगेश राजको *शिवगल, चनिगल यान्ड् वन्दिगल (थ्री टपन्इम्ज् फ्रम् मेड्इईभल् भक्तपुर्)* (शिवगल, चनिगल र वन्दिगल (मध्यकालको भक्तपुरका तीनवटा स्थाननाम))।

योगेश राज २०६२

= ई.सं. २००५ (वि.सं. २०६२) मा काठमाडौँबाट लिङ्ग्विस्ट्इक ससाइइटि अफ नेपालद्वारा प्रकाशित; योगेन्द्र यादव, गोविन्द भट्टराई, रामराज लोहनी, बलराम प्रसाईं र कृष्ण पराजुलीद्वारा सम्पादित *कन्टेम्परारि इस्युज् इन् नेपालीज् लिङ्ग्विस्ट्इक्स्* (नेपाली भाषाशास्त्रमा सामानकालिक विषयवस्तु)का ४५१-४६२ पृष्ठमा छापिएको, योगेश राजको *अ नोट् अन् दि ईभल्यूशन् अफ् नेवारी इन्फिन्इटाइभल् सफ्इक्स् - ए* (नेवारी क्रियार्थक प्रत्यय एको उद्भेदको विषयमा टिप्पणी)।

योहन गेओर्ग ब्यूलर १९६१

= गेओर्ग ब्यूलरमा हेर्नू।

रञ्जना लिपि वर्णमाला

= ने.सं. १११५ (वि.सं. २०५१/५२) मा ललितपुरबाट लिपि थपू गुथिद्वारा प्रकाशित *रञ्जना लिपि वर्णमाला*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रञ्जना श्रेष्ठ र राजीव शंकर श्रेष्ठ २०५३

= ई.सं. १९९६ (वि.सं. २०५३) मा गान्तोकबाट रचनाद्वारा प्रकाशित, रञ्जना श्रेष्ठ र राजीव शंकर श्रेष्ठको *नेवा: वर्ण लिपि र भाषा परिचय* (नेवारी वर्ण लिपि र भाषाको चिनारी)।

रबिसन शाक्य २०५९

= ई.सं. २००२ (वि.सं. २०५९) मा ललितपुरबाट मोतिराज शाक्य र सानुनानि शाक्यद्वारा प्रकाशित, रबिसन शाक्यको *नेपाल लिपि वर्णमाला*।

रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६

= वि.सं. २०५६ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्गको *काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास*।

राजवंशावली

= वि.सं. २०२५ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ६ संख्यामा छापिएको, बालचन्द्र शर्माको *काठमाडौं उपत्यकाको एक राजवंशावली*।

राजाराम सुवेदी २०५६

= वि.सं. २०५६ मा भोजपुरबाट रणबहादुर वान्तवाराई र दुर्जकुमार राईद्वारा प्रकाशित, राजाराम सुवेदीको *कर्णाली प्रदेशमा मध्यकालीन ✦ डोटी राज्य*।

राजेश आचार्य छापिन बाँकी

= *पशुपतिको मन्दिरको पश्चिमढोकाबाट भित्र गर्भगृहमा देखिने २ वटा स्त्रीमूर्तिको बयान*।

राजेश आचार्य छापिन बाँकी क

= *संसारदेवीको सालिकमा चढाइने भोग र पूजाआजाको विषयमा*।

राधाकान्तदेव १९४३ (२०२४)

= शाके १८०८ (वि.सं. १९४३) मा कलकत्ताबाट ७१ न. पाथुरियाघाट-स्थितभवनद्वारा प्रकाशित, राधाकान्तदेवको *शब्दकल्पद्रुम*को पहिलो देवनागरीसंस्करण।

वि.सं. २०२४ मा बनारसबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राधाकान्तदेवको[३०] *शब्दकल्पद्रुम* ४ भाग, ३ संस्करण।

रामचन्द्र ढुंगाना २०३५

= वि.सं. २०३५ मा काठमाडौंबाट साझा प्रकाशनद्वारा प्रकाशित, रामचन्द्र ढुंगानाको *संक्षिप्त नेपाली कोश* ३ संस्करण।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौंबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

राल्फ लिली टर्नर २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा लन्डनबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा पुनः प्रकाशित, राल्फ लिली टर्नरको *अ कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्इअन् ल्याङ्गिज्इज्* (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष)।

राष्ट्रिय अभिलेखालय २०५१

= ई.सं. १९९५ (वि.सं. २०५१) मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याणमन्त्रालय पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयले पेश गरेको *अ रिपोर्ट् अन् द सर्भे यान्ड् स्टड्इ अफ् नेवारी स्क्रिप्ट्* (नेवारी लिपिको निरीक्षण र परिशीलनसम्बन्धी आवेदनपत्र)।

---

३०. यो कोष वरदाप्रसाद वसु र हरिचरण वसुले बढाएको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रिखार्द पिशल २०३८

= रिखार्द पिशलको *ग्राम्मतिक् देर् प्राकृत्-स्प्राखेन्* (प्राकृत भाषाहरूको व्याकरण)को सुभद्र झाले उल्था गरी ई.सं. १९८१ (वि.सं. २०३८) मा दिल्लीवाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित *अ ग्र्यामर् अफ् द प्राकृत् ल्याङ्ग्विज्इज्* (प्राकृत भाषाहरूको व्याकरण) २ संस्करण।

रिखार्द पिशलको *ग्राम्मतिक् देर् प्राकृत्-स्प्राखेन्*को हेमचन्द्र जोशीले उल्था गरी वि.सं. २०१५ मा पटनावाट विहार-राष्ट्रभाषा-पर्षद्द्वारा प्रकाशित *प्राकृत भाषाओं का व्याकरण* (प्राकृत भाषाहरूको व्याकरण)।

रोव अद्रिएन्सेन, हन्स टी. वक्कर र हारुनागा आएजक्सन २०५१

= ई.सं. १९९४ (वि.सं. २०५१) मा दोर्द्रेख्टवाट क्लुवर याक्अडेम्इक पब्लिशर्जद्वारा प्रकाशित *इन्डो-आइरेनिअन् जर्नल्* (भारत र फारससम्बन्धी [विद्याको] पत्रिका) ३७ वर्ष ४ अङ्क ३२५-३३१ पृष्ठमा छापिएको; रोव अद्रिएन्सेन, हन्स टी. वक्कर र हारुनागा आएजक्सनको *टुवर्ड्ज् अ क्रिट्इक्ल् एडिशन् अफ् द स्कन्दपुराण* (मूलपाठको परीक्षा गरी तयार गरिएको *स्कन्दपुराण*को पुस्तकतर्फ)।

रोव अद्रिएन्सेन, हन्स टी. वक्कर र हारुनागा आएजक्सन २०५५

= ई.सं. १९९८ (वि.सं. २०५५) मा ग्रोनिङ्गेनवाट एग्वेर्त फोर्स्तेनद्वारा प्रकाशित; रोव अद्रिएन्सेन, हन्स टी. वक्कर र हारुनागा आएजक्सनको *द स्कन्दपुराण, भल्युम् १, अध्यायज् १-२५* (*स्कन्दपुराण* एक खण्ड, १-२५ अध्याय)।

रोहिणीप्रसाद भट्टराई २०३३

= वि.सं. २०३३ मा काठमाडौंवाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, रोहिणीप्रसाद भट्टराईको *बृहद् नेपाली-व्याकरण*।

लिङ्गयसूरि *अमरपदविवृति*

= ई.सं. १९७१ (वि.सं. २०२८) मा आद्यारवाट आद्यार लाइब्रेरि यान्ड रिसर्च सेन्टरद्वारा प्रकाशित, ए.ए. रमानाथनको *अमरकोश विथ् दि अन्पब्लिश्ड् साउथ् इन्डिअन् कम्एन्टरिज् अमरपदविवृति अफ् लिङ्गयसूरिन् यान्ड् दि अमरपदपारिजात अफ् मल्लिनाथ* (*अमरकोश*, अप्रकाशित दक्षिण भारतीय टीका [अर्थात्] लिङ्गयसूरिको *अमरपदविवृति* र मल्लिनाथको *अमरपदपारिजात*सहित) १ भाग।

लूछ्याह्नो पेतेक २०१५

= ई.सं. १९५८ (वि.सं. २०१५) मा रोमवाट ईस्तीतूतो ईताह्न्याह्नो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८०)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३७))।

लूछ्याह्नो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमवाट ईस्तीतूतो ईताह्न्याह्नो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८))।

वज्रराज शाक्य आदि २०५०[३१]

= वि.सं. २०५० मा ललितपुरवाट २५३७ औं बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, वज्रराज शाक्य आदिको *विद्याधर संस्कारित यशोधर महाविहार संघ (छगू अध्ययन)* (विद्याधरसंस्कारित यशोधरमहाविहारसंघ (एक अध्ययन))।

वाचस्पत्य

= तारानाथ भट्टाचार्यमा हेर्नू।

---

३१. यस पुस्तकको निर्देशकमा वज्रराज शाक्य र संयोजकमा हेराकाजी वज्राचार्य र सहयोगीमा पुष्पराज वज्राचार्यसमेत अरू २ जना छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वामन *काव्यालङ्कार*

= ई.सं. १८७५ (वि.सं. १९३२) मा येनाबाट फेर्लाग फन हेर्मन दुफ्तद्वारा प्रकाशित, कार्ल कापेलेरको *श्रीवामनविरचिता काव्यालंकारवृत्तिः* (श्रीवामनले बनाएको *काव्यालङ्कारवृत्ति*)।

विनोद राज शर्मा[३२] २०५७

= वि.सं. २०५७ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ४ वर्ष ९ अङ्कको १० पृष्ठमा छापिएको, विनोद राज शर्माको *केही अप्रकाशित लिखतपत्रहरू*।

विलियम ड्वाइट ह्विट्नी १९८०/८१

= ई.सं. १९२४ (वि.सं. १९८०/८१) मा लाइप्जिगबाट ब्राइत्कोफ उन्द हेर्तेलद्वारा प्रकाशित, विलियम ड्वाइट ह्विट्नीको *अ स्यान्स्क्रिट् ग्राम्अर्* (संस्कृतव्याकरण) ५ संस्करण।

विलियम ड्वाइट ह्विट्नीको *अ स्यान्स्क्रिट् ग्राम्अर्*को मुनीश्वर झाले उल्था गरी ई.सं. १९७१ (वि.सं. २०२७/२८) मा लखनौबाट उत्तर प्रदेश हिंदी ग्रंथ अकादमीद्वारा प्रकाशित *संस्कृत व्याकरण*।

विश्वनाथ *साहित्यदर्पण*

= बङ्गाली सन् १३४० (वि.सं. १९९०) मा कलकत्ताबाट सिद्धान्तविद्यालयद्वारा प्रकाशित *साहित्यदर्पणः। श्रीमद्विश्वनाथकविराजप्रणीतः। श्रीयुक्तगङ्गाधरविद्यालङ्कारभट्टाचार्य्यात्मजेन महामहोपाध्यायेन श्रीहरिदाससिद्धान्तवागीशभट्टाचार्य्येण प्रणीतया 'कुसुमप्रतिमा' समाख्यया टीकया समेतः* (*साहित्यदर्पण*, श्रीमान् विश्वनाथ कविराजले बनाएको। श्रीयुक्त गङ्गाधर विद्यालङ्कार भट्टाचार्य्यका छोरा महामहोपाध्याय श्रीहरिदास सिद्धान्तवागीश भट्टाचार्य्यले बनाएको *कुसुमप्रतिमा* भन्ने टीकाले युक्त भएको)।

विश्वमणि दीक्षिताचार्य्य १९७०

= ई.सं. १९१३ (वि.सं. १९७०) मा काठमाडौंबाट विश्वमणि दीक्षिताचार्य्यद्वारा प्रकाशित, उनैको *गोरखाव्याकरणबोध*।

विष्णु चित्रकार २०४८

= ने.सं. १११२ (वि.सं. २०४८) मा काठमाडौंबाट नेपालभाषा ब्वनेसफू पिथना गुथिद्वारा प्रकाशित, विष्णु चित्रकारको[३३] *नेपालभाषा (ग्वःआखःसफू – न्हापांगु)* (नेवारी भाषा (वर्णमालाको पुस्तक – पहिलो))।

व्याख्यासुधा

= भानुजिमा हेर्नू।

शङ्करमान राजवंशी २०१७

= वि.सं. २०१७ मा काठमाडौंबाट श्री ५ को सरकार, पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *प्राचीन लिपि वर्णमाला*।

शङ्करमान राजवंशी २०१७ क

= वि.सं. २०१७ मा काठमाडौंबाट श्री ५ को सरकार, पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *प्राचीन लिपि विकास*।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा काठमाडौंबाट श्री ५ को सरकार, वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *लिच्छवि-लिपि-संग्रह*।

---

३२. लेखको शीर्षक दिइसकेपछि लेख तयार गर्नेको नाउँ त्यहाँ लगत्तै दिइएको छैन तापनि त्यो सामग्री कसले प्रस्तुत गरेको हो भन्ने कुरा त्यहाँ खुलाइएको छ। हामीलाई चासो परेको सामग्री विनोदराज शर्माले प्रस्तुत गरेको भनी त्यहाँ लेखिएकोले माथि उनको नाउँ दिइएको हो।

३३. यसमा चित्र तयार गर्ने एकाराम; सम्पादक हितकरवीरसिंह कसाः, दुर्गालाल श्रेष्ठ र भूषणप्रसाद श्रेष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ८ पूर्णाङ्कका १४-२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्ष मल्लको समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १० पूर्णाङ्कका १७-२२ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्ष मल्लको समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०२३ क

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १७-२४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पति फेरि पनि चोर्नुभयो*।

शङ्करमान राजवंशी २०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ६ संख्याका ३०-३५ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *हिन्दूवर्णमाला र तिनका अधिपति*।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ११ संख्याका ३९-४२ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *केही ऐतिहासिक उपकरण* ।

शङ्करमान राजवंशी २०३१

= ई.सं. १९७४ (वि.सं. २०३१) मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश* २ वर्ष १-२ अङ्कका २३-१२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *देवनागरी लिपिको विकास*।

शङ्करमान राजवंशी २०३१-२०३४

= वि.सं. २०३१-२०३४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ३०-३९ संख्याको नेपाली खण्डका १२३-१२८ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *ऐतिहासिक पत्रस्तम्भ*।

शङ्करमान राजवंशी २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* २ भाग ।

शब्दकल्पद्रुम

= राधाकान्तदेवमा हेर्नू।

शिवपञ्चाक्षरस्तोत्र

= वि.सं. २०४३ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित *स्तोत्ररत्नावली* २५ संस्करणका ३७-३९ पृष्ठमा छापिएको *श्रीशिवपञ्चाक्षरस्तोत्रम्* (*श्रीशिवपञ्चाक्षरस्तोत्र*)।

श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन

= वि.सं. २०२२ मा काठमाडौँबाट कानूनकिताबव्यवस्थासमितिद्वारा प्रकाशित *श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन-मण्डल २०२३

= वि.सं. २०२३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *सावधान-पत्र* १७ संख्या – *श्रीडिल्लीरमण रेग्मीज्यू हाम्रो संपत्तिलाई जालझेल गरी आफ्नो नाउँमा दर्ता गर्न लाग्नुभएको छ।*

संशोधन-मण्डल २०२४

= वि.सं. २०२४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *इतिहास-संशोधन* ६४ क्रमागत संख्या – *श्रीडिल्लीरमण रेग्मीज्यू अर्थको अनर्थ गर्नुहुन्छ।*

संशोधन-मण्डल २०२४ क

= वि.सं. २०२४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *इतिहास-संशोधन* ६५ क्रमागत संख्या – *श्रीडिल्लीरमण रेग्मीज्यू विद्याको क्षेत्रमा शोषण गर्दै हुनुहुन्छ।*

संशोधन-मण्डल २०२४ ख

= वि.सं. २०२४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *नेपालका बुद्धिजीवीहरूले निष्पक्ष भई विचार गरिदिनु-पर्‍यो।*

संशोधन-मण्डल २०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *इतिहास-संशोधन* ६६ क्रमागत संख्या – *शोषण गर्ने प्रवृत्तिले विद्या बढ्दैन।*

संशोधन-मण्डल २०२५ क

= वि.सं. २०२५ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *इतिहास-संशोधन* ६७ क्रमागत संख्या – *गहिरिएर खोज र शोध गर्ने योग्यता श्रीडिल्लीरमण रेग्मीज्यूमा छैन।*

संशोधन-मण्डल २०२५ ख

= वि.सं. २०२५ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसकै *इतिहास-संशोधन* ६८ क्रमागत संख्या – *विद्या बढाउन शोषणप्रवृत्ति रोक्नु आवश्यक छ।*

संकल्परत्नावली

= हरिनाथ शर्मामा हेर्नू।

सत्कर्मरत्नावली

= गीर्वाणयुद्धविक्रम शाहमा हेर्नू।

सत्यमोहन जोशी २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा।*

सत्यमोहन जोशी २०४४

= वि.सं. २०४४ मा काठमाडौँबाट लाकौल-पिथनाद्वारा प्रकाशित, सत्यमोहन जोशीको *ब:चाधंगु नेवा: खँग्व:धुकू* (संक्षिप्त नेवारी कोष)।

सत्यमोहन जोशी २०५७

= ने.सं. ११२१ (वि.सं. २०५७) मा ललितपुरबाट लोकसाहित्यपरिषद्द्वारा प्रकाशित, सत्यमोहन जोशीद्वारा सङ्कलित *हेमराजया हस्तलिपिकला* (हेमराजको हस्तलिपिकला)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्वानन्द *टीकासर्वस्व* १ काण्ड

= ई.सं. १९१४ (वि.सं. १९७०/७१) मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको *नामलिङ्गानुशासनं श्रीमदमरसिंहविरचितं वन्द्यघटीयसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया समेतं* (*नामलिङ्गानुशासन* श्रीमान् अमरसिंहले बनाएको, वन्द्यघटीय सर्वानन्दले बनाएको *टीकासर्वस्व* भन्ने व्याख्यासहित) १ भाग।

सर्वानन्द *टीकासर्वस्व* २ काण्ड, ७-१० वर्ग

= ई.सं. १९१७ (वि.सं. १९७३/७४) मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको *श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीयसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतं* (श्रीमान् अमरसिंहले बनाएको *नामलिङ्गानुशासन*, क्षीरस्वामीले बनाएको *अमरकोशोद्घाटन* भन्ने व्याख्या र वन्द्यघटीय सर्वानन्दले बनाएको *टीकासर्वस्व* भन्ने व्याख्यासहित) ३ भाग।

साहित्यदर्पण

= विश्वनाथमा हेर्नू।

सिद्धहेमशब्दानुशासन

= हेमचन्द्रमा हेर्नू।

सुभूति *कविकामधेनु*

= महेशराज पन्तद्वारा सम्पादित, *अमरकोष*मा सुभूतिको टीका *कविकामधेनु* (छापिन बाँकी)।

सुरेशज्योति शाक्य २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ३ वर्ष ८ अङ्कको ६ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *केही अप्रकाशित लिखतपत्रहरु*।

सुरेशज्योति शाक्य २०६३

= ने.सं. ११२६ (वि.सं. २०६३) मा काठमाडौंबाट "थौंकन्हे" प्रकाशनविभागद्वारा प्रकाशित *थौंकन्हे* (आजभोलि) ११०-११२ पूर्णाङ्कको ३५ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *जुजु यक्ष मल्लया लाहातं च्वयातःगु छगू हस्तलिखित ग्रन्थ* (राजा यक्ष मल्लको हातले लेखेको एउटा लेखोट पुस्तक)[३४]।

सेसिल वेन्डल १९३९

= ई.सं. १८८२ (वि.सं. १९३९) मा बर्लिनबाट ए. आशरद्वारा प्रकाशित *अब्हन्द्लुङ्गेन् उन्द् फोर्त्रेगे देस् फुन्फ्तेन् इन्तर्नात्सिओनालेन् ओरिअन्तालिस्तेन्-कोङ्ग्रेसेस् गेहाल्तेन् त्सू बेर्लीन् इम् सेप्तेम्बर् १८८१* (वि.सं. १९३८ भाद्रमा[३५] बर्लिनमा भएको नानादेशका प्राच्य[विद्याका विद्वान्हरूको] पाँचौं सभाका वृत्तान्त र प्रवचन)का १८९-२११ पृष्ठमा छापिएको, सेसिल वेन्डलको *अन् यूरपिअन् कलेक्शन्ज् अफ् स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् फ्रम् नेपाल्: देर् यान्टिक्विटि यान्ड् बेरइङ् अन् क्रोनल्अजि, हिस्टरि यान्ड् लिट्अर्इचर्* (नेपालका संस्कृत लेखोट किताबहरूको यूरोपमा भएका सङ्ग्रहको विषयमा– तिनको प्राचीनता र कालनिर्णय, इतिहास र वाङ्मयमा स्थान)।

सेसिल वेन्डल १९४०

= ई.सं. १८८३ (वि.सं. १९४०) मा केम्ब्रिजबाट यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, सेसिल वेन्डलको *क्याट्अलग् अफ् द बुड्इस्ट् स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् इन् द यूनिभर्सिटि लाइब्रारि, केम्ब्रिज्, विथ् इन्ट्रडक्टरि नोटिस्इज् यान्ड् इल्अस्ट्रेशन्ज् अफ् द*

---

३४. मत्तराज भन्नेले यो पुस्तक सारेको हो भन्ने कुरा यसैको पुष्पिकामा लेखिएको छ।

३५. मोटामोटी रूपमा सौर भाद्रको आधाआधीदेखि आश्विनको आधाआधीसम्म सेप्टेम्बर महीनाले ओगट्छ। मसँग भएका साधनको आधारमा पाँचौं प्राच्य-सभा कहिलेदेखि कहिलेसम्म भयो भनी म भन्न सक्दिनँ। यस कारण सेप्टेम्बरको पूर्वार्धमा भाद्र महीना पर्ने हुनाले मैले माथि भाद्र भनी लेखेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्याल्इओग्राफि यान्ड् क्रोनल्अजि अफ् नेपाल् यान्ड् बेन्गल् (केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा रहेका, हातले लेखिएका, संस्कृतका बौद्ध पुस्तकको फेहरिस्त; नेपाल र बङ्गालका पुराना लिपि र कालनिर्णयको विषयमा परिचयात्मक टिप्पणी र चित्रसमेत)।

सोमप्रसाद खतिवडा २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्सद्वारा प्रकाशित, सोमप्रसाद खतिवडाको *अभिलेख विज्ञान एवं मुद्राशास्त्र*।

सोमप्रसाद खतिवडा २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्सद्वारा प्रकाशित, सोमप्रसाद खतिवडाको *नेपालका लिपि र मुद्राहरूको परिचय*।

हरगोविन्ददास त्रिकमचंद शेठ १९८०

= वि.सं. १९८० मा कलकत्ताबाट हरगोविन्ददास त्रिकमचंद शेठद्वारा प्रकाशित, उनैको *पाइअ-सद्द-महण्णवो* (*प्राकृत-शब्द-महार्णव*) २ खण्ड।

हरिदास भट्टाचार्य्य १९९०

= *साहित्यदर्पण*मा हेर्नू।

हरिनाथ शर्मा *संकल्परत्नावली*

= वि.सं. २०४० मा काठमाडौँबाट ऋद्धिसिद्धि शैक्षिक केन्द्रद्वारा प्रकाशित, हरिनाथ शर्माको *संकल्परत्नावली* २ संस्करण।

हरिभक्त खोंजू श्रेष्ठ २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, हरिभक्त खोंजू श्रेष्ठको *धूलिखेलको सांस्कृतिक सर्वेक्षण*।

हान्स योर्गेन्सेन १९८४/८५

= ई.सं. १९२८ (वि.सं. १९८४/८५)मा लुन्दबाट ई.जे. ब्रिलद्वारा प्रकाशित *आक्ता ओरिअन्तालिआ* (प्राच्यविद्यासम्बन्धी विवरण) ६ भागका २६-९२ पृष्ठमा छापिएको, हान्स योर्गेन्सेनको *वेर्सूख् आइनेस् वोर्तेरबूखेस् देर् नेवारी-स्प्राखे* (नेवारी भाषाको कोषको उपक्रम)।

हान्स योर्गेन्सेन १९९२

= ई.सं. १९३६ (वि.सं. १९९२) मा कोपन्हेगनबाट लेविन औ मुन्स्क्गोद्वारा प्रकाशित, हान्स योर्गेन्सेनको *अ डिक्शन्अरि अफ् द क्ल्यास्इक्ल् नेवारी* (पुरानो नेवारीको कोष)।

हान्स योर्गेन्सेन १९९७

= ई.सं. १९४१ (वि.सं. १९९७) मा कोपन्हेगनबाट एनर मुन्स्क्गोद्वारा प्रकाशित, हान्स योर्गेन्सेनको *अ ग्रचाम्अर् अफ् द क्ल्यास्इक्ल् नेवारी* (पुरानो नेवारीको व्याकरण)।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन*।

हाम्रो वक्तव्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १३ पूर्णाङ्कका ९१-९८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य २०२६

= वि.सं. २०२६ मा प्रकाशित *पूर्णिमा* २२ पूर्णाङ्कका १५४-१६८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

हेमचन्द्र *सिद्धहेमशब्दानुशासनको* ८ अध्याय

= ई.सं. १९५८ (वि.सं. २०१५) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, परशुराम लक्ष्मण वैद्यको *प्राकृत-व्याकरणम् – आचार्यश्रीहेमचन्द्रविरचितस्य सिद्धहेमचन्द्राभिधस्य शब्दानुशासनस्य प्रकाशिकानामस्वोपज्ञवृत्तिसहितस्याष्टमोऽध्यायः* (*प्राकृतव्याकरण – प्रकाशिका* नाउँ भएको स्वोपज्ञवृत्तिसहितको, आचार्य श्रीहेमचन्द्रले बनाएको *सिद्धहेमचन्द्र* भन्ने नाउँ भएको व्याकरणको आठौँ अध्याय)।

हेमचन्द्र जोशी २०१५

= रिखार्द पिशलमा हेर्नू।

हेमराज पण्डितज्यू १९६९

= वि.सं. १९६९ मा काठमाडौँबाट प्रकाशित हेमराज पण्डितज्यूको *चन्द्रिका. गोरखाभाषा-व्याकरण* १-२ प्रकाश।

हेमराज शाक्य २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, हेमराज शाक्यको *वर्ण-परिचय*।

हेमराज शाक्य

= वेमितिको, काठमाडौँबाट श्री ५ को सरकार, शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित, हेमराज शाक्यको *श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय इतिहास अनुसन्धानशाखाको अभिलेख-उपशाखाले प्रस्तुत गरेको लिपिविकास-तालिका*।

हेमराज शाक्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, हेमराज शाक्यको *नेपाल लिपि-प्रकाश*।

हेमराज शाक्य २०३७

= वि.सं. २०३७ मा ललितपुरबाट २५२४ बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको *शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र-अभिलेख*।

हेमराज शाक्यवंश २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट मानदास र सुगतदासद्वारा प्रकाशित, हेमराज शाक्यवंशको *नेपाल लिपि संग्रह* २ संस्करण।

हेमराज शाक्य र तुलसीराम वैद्य २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट तुलसीराम वैद्यद्वारा प्रकाशित, हेमराज शाक्य र तुलसीराम वैद्यको *मेड्इईभल् नेपाल् (कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्* (मध्यकालको नेपाल (पुष्पिकाहरू र अभिलेखहरू))।

होरेस हेमन विल्सन १९११

= ई.सं. १८५५ (वि.सं. १९११) मा लन्डनबाट विलियम एच. आलेनद्वारा प्रकाशित, होरेस हेमन विल्सनको *अ ग्लस्अरि अफ् जुडिश्-अल् यान्ड् रेभ्इन्यू टर्म्ज्, यान्ड् अफ् यूस्फुल् वर्ड्ज् अकर्इङ् इन् अफिस्अल् डक्युमन्ट्स् रिलेट्इङ् टु दि याड्मिनिस्ट्रेशन् अफ् द गभ्अर्न्मन्ट् अफ् ब्रिट्इश् इन्डिअ* (अदालती र मालपोतसम्बन्धी शब्दको र ब्रिटिश-भारत-सरकारको कार्यनिर्वाहसँग सम्बद्ध, आधिकारिक कागजातमा पाइने उपयोगी शब्दहरूको अभिधानकोष)।

नेवारी अर्थसहितको, वि.सं. १४३८ को *अमरकोष*को पुष्पिका भएका पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि २-३ पृष्ठमा छ ।

नेवारी अर्थसहितको, वि.सं. १४४३ को *अमरकोष*को पुष्पिका भएका पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ३-४ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी अर्थसहितको, वि.सं. १४८६ को *अमरकोष*को पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ४-५ पृष्ठमा छ ।



नेवारी अर्थसहितको, वि.सं. १५७४ को *अमरकोष*को पुष्पिका भएका पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ५-६ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी अर्थसहितको एउटा *अमरकोष*मा वि.सं. १५२७ को घटनाको टिपोट भएको पृष्ठको फ्याक्सिमिलि

टिपोटको पाठ तल § ७.३ मा ट्वं २ मा २०० सङ्ख्याको टिप्पणीको ** उपटिप्पणीमा छ ।



नेवारी अर्थसहितको, वि.सं. १५९९ को *अमरकोष*को पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ६ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी अर्थसहितको, वि.सं. १६५५ को *अमरकोष*को पुष्पिका भएका पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ७ पृष्ठमा छ ।





वि.सं. १७६८ को *अमरसिंहसफुलि*को पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि

पुष्पिकाको पाठ माथि ७ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाङ्मुख

नास्य श्लाघामकलितगुणः पोषयन् प्रीतये नः कोऽन्धैश्चित्रस्तुतिशतविधौ शिल्पिनः स्यात् प्रकर्षः ।
निन्दामेव प्रथयतु जनः किन्तु दोषान् निरूप्य प्रेक्षांस्तथ्यस्खलितकथनं प्रीणयेदेव भूयः ॥

– उदयन[1]

(यसको सहनी गर्ने निर्गुण मानिसले हामीलाई प्रसन्न पार्दैन। अन्धाहरूले गरेका तसवीरका सयौँ तारीफले कालीगडको के बढ्ती हुन्छ र। मानिसहरूले निन्दै फैलाऊन्, तर दोष खोजेर। तथ्यबाट चुकेको कुरा भन्दा बुद्धिमान्हरूलाई ज्यादै नै खुशी पार्छ।)

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको मूलपाठ सबभन्दा पहिले डिल्लीरमण रेग्मीले वि.सं. २०२३ मा आफ्नो नेपालको मध्यकालको इतिहासमा छपाएका हुन्।[2] तर उनमा मूलबाट राम्ररी अभिलेख पढ्न र तिनको अर्थ गर्न सक्ने ल्याकतको त कुरै छोडौँ;[3] प्राचीन भाषामा लेखिएका, तर अहिले

१. *आत्मतत्त्वविवेक*को अन्तिम श्लोक ।
मैले *आत्मतत्त्वविवेक*का ३ संस्करण (जीवानन्द विद्यासागर १९२९/३०, ढुण्ढिराज शास्त्री १९९६, केदारनाथ त्रिपाठी २०४०) यस प्रसङ्गमा हेरें । अघिल्ला २ संस्करणमा चौथो पाउमा **प्रेक्ष्यांस्तस्य स्खलितवचनं प्रीणयेदेव भूयः** र पछिल्लोमा चाहिँ माथि दिए जस्तो पाठ छ। मैले हेरेको जीवानन्द विद्यासागरको संस्करण अहिले नेपाल रिसर्च सेन्टरको सङ्ग्रहमा रहेको, प्रसिद्ध नैयायिक पद्मप्रसाद भट्टराई (वि.सं. १९५३-२०३०)को निजी पुस्तक हो । त्यस पुस्तकमा तिनै नैयायिकको हस्ताक्षरमा **प्रेक्ष्यांस्तस्य**मा **क्ष्यां** काटी **क्षान्** लेखिएको छ र त्यसपछि पदवियोग गर्ने चिह्न हालिएको छ, अनि **स्य** काटी **थ्य** लेखिएको छ । यताबाट उनले **प्रेक्ष्यांस्तस्य** भन्ने पाठको ठाउँमा **प्रेक्षांस्तथ्य** भन्ने पाठ मानेको देखिन्छ र अर्थ गर्न सजिलो होओस् भनी **प्रेक्षान्** र **तथ्य**को सन्धि नगरेको ठहरिन्छ तापनि **स्तथ्य**को **स्त**को **स्** चाहिँ हटाउन बिर्सेको देखिन्छ । यताबाट पनि अघिल्ला ४ अक्षरको केदारनाथ त्रिपाठीले दिएको पाठको पुष्टि भएको छ । केदारनाथ त्रिपाठीले मानेको पाठ बढी प्रामाणिक लागेकोले मैले माथि उनकै पाठ दिएको हुँ ।

२. डिल्लीरमण रेग्मी २०२३: १ खण्ड, ५८-६१ = ५६ सङ्ख्या ।

३. डिल्लीरमण रेग्मीको वि.सं. २००९ मा छापिएको नेपालको प्राचीन र मध्यकालको इतिहास (डिल्लीरमण रेग्मी २००९)मा विदेशी ऐतिहासिकहरूले लेखेर छोडेका कुरा नै ओल्टाइपल्टाइ गर्नेभन्दा बढी काम भएको छैन भनी लेख्दा पक्कै पनि बढी बोलेको ठहरिँदैन । यसैले अ **डिस्अपइन्ट्इङ् वर्क् इन्स्पाइट्*** **अफ् द म्याग्निफ्-इसन्ट् अप्अरटचून्इटिज् ओप्न् टु इट्स् अथर्** (यसका कर्ताले राम्रो मौका पाउँदा पाउँदै पनि हिस्स्याउने खालको पुस्तक) भनी लूछ्याह्रो पेतेक (२०१५:*इन्ट्रडक्शन्* (उपोद्घात), २)ले उनको त्यस किताबको विषयमा लेख्दा भनेका हुन् । डिल्लीरमण रेग्मी नेपाली भएकाले उनलाई नेपालको इतिहास लेख्न विदेशीलाई भन्दा राम्रो मौका मिलेको थियो भन्ने कुरा पेतेकको माथि उद्धरण गरिएको वाक्यांशबाट झल्कन्छ । तर नेपालको पुरानो इतिहासका आकर जुन भाषा र लिपिमा छन्, त्यस्ता भाषा र लिपिको राम्रो ज्ञान र त्यस्ता

* इन् र स्पाइट् जोडिई छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चलनचल्तीमा भएका लिपिमा छापिएका लेख सार्नसम्म सक्ने सामर्थ्य पनि राम्रो नभएकोले[४] उनले

आकर बुझ्न चाहिने नाना थरी विषयको ज्ञान पनि उनमा नभएकोले जन्मना नेपाली भए पनि उनले गतिलो किताब लेख्न सकेनन् ।

वि.सं. २००९ देखि हाम्रो पाठशालाका विद्यार्थीहरूबाट *इतिहास-संशोधन* निस्कन लाग्यो । तिनमा चलनचल्तीका, इतिहासका पुस्तकमा परेका अशुद्धिको तात्कालिक प्रमाणको उपयोग गरी संशोधन हुँदै गयो । डिल्लीरमण रेग्मीका किताब **अङ्ग्रेजी भाषामा लेखिएका र इतिहास-संशोधकहरू अङ्ग्रेजी भाषा नजान्ने भएका हुनाले*** उनका किताबको प्रत्यक्ष आलोचना भएन तापनि उनका किताबमा परेका विषयवस्तुको भने निकै नै आलोचना भयो ।

डिल्लीरमण रेग्मीका किताब अङ्ग्रेजीमा भएकाले बाहिरफेर उनका किताब निकै चल्नु स्वाभाविक थियो । यसो भए तापनि उनका पुस्तक गतिला नभएकाले उनको धाक भने जमेन भन्ने कुरा पेतेकको माथि चर्चा गरिएको वाक्यबाट राम्रै बुझिन्छ । अन्त नपाइने, नयाँ नयाँ कुरा हाम्रा कृतिमा परेका भए तापनि नेपालीमा ती लेखिएकाले तिनको प्रचार बाहिरफेर भएन । त्यसैले हामीले पत्ता लाएका कुरालाई आफैंले नै पत्ता लाएको जस्तो देखाउने र हामीले पत्ता लगाई, पाठ पढी छपाएका आकरलाई **अप्रकाशित** भन्ने काम उनले वि.सं. २०१७ देखि पछिसम्म नै गरिरहे ।

यस विषयमा र डिल्लीरमण रेग्मीका पुस्तकमा परेका गल्तीको विषयमा हामीले लेखेका कुराको सूची यस प्रकारको छ –

नयराज पन्त २०१७ ।

संशोधन-मण्डल २०२३ ।

शङ्करमान राजवंशी २०२३ क:१७-२४ ।

हाम्रो वक्तव्य २०२३:१०१-११८ ।

उही २०२४:९१-९८ ।

संशोधन-मण्डल २०२४ ।

उही २०२४ क ।

उही २०२४ ख ।

उही २०२५ ।

उही २०२५ क ।

उही २०२५ ख ।

हाम्रो वक्तव्य २०२६:१५४-१६८ ।

महेशराज पन्त र दिनेशराज पन्त २०३६:१३४-१३५, १४०, १४१-१४५, १४७-१४८, १४९ ।

दिनेशराज पन्त २०३६:४ ।

गौतम वज्राचार्य २०४२:६५२-६५३ ।

४. डिल्लीरमण रेग्मीका किताबका पत्रपत्रले यो कुरा देखाउँछन् । *हाम्रो वक्तव्य* २०२६:१६३-१६४ मा र गौतम वज्राचार्य २०४२:६५३ मा यस विषयमा अलिकति लेखिएको छ ।

* नयराज पन्त २०१७:२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छपाएको त्यस पाठबाट उनले नै सबभन्दा पहिलेबाट छपाएका अरू अरू अभिलेखबाट जस्तै मूल अभिलेखको भाव बुझ्न निकै गाह्रो परिरहेको थियो ।[५] त्यसमाथि यस ताम्रपत्रको सालको विषयमा लेख्दा उनले आफ्नो नेपालको मध्यकालको इतिहासको पहिलो भागका २ ठाउँमा[६] र तेस्रो भागको एक ठाउँमा ५६१,[७] पहिलो भागका ३ ठाउँमा ५६७[८] लेखिदिएकाले उनको भर पर्ने अवस्था थिएन ।

वि.सं. २०४० मा लूछ्याह्रो पेतेकले आफ्नो नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा यक्ष मल्लको पालाका सामग्रीका केही अंश छपाउँदा डिल्लीरमण रेग्मीको पाठको आधारमा यसको पाठ[९]

---

५. प्राचीन भाषा, प्राचीन लिपि र प्राचीन विद्याको ज्ञान नलिई चोरचार गरेको र अरूलाई काम गराएको भरमा शोध गरी हिँड्ने डिल्लीरमण रेग्मीले यो ताम्रपत्र कसरी पढेका छन् भन्ने कुराको नमूनाको लागि उनको नेपालको मध्यकालको इतिहासका २ फरक फरक भागमा छापिएका, यस ताम्रपत्रका तिथिमितिका पाठको उद्धरण गर्नु नै पर्याप्त होला –

नादे स्कन्दमुखेह्य नाग विशिखे नेपाल सम्वत्सरे (= ५६७) मासादौ सितसप्तमी वरुणभे योगे शनै गिस्पतौ

(डिल्लीरमण रेग्मी २०२२:४३२ = २७ सङ्ख्याको लिखत)

नादेस्कन्द मुखे ह्यनगविशिखे नेपालवंवत्सरे मासादौ शितसप्तमी वरूणाभे योगे शनौ गीष्पतौ

(उही २०२३:१ खण्ड, ५९ = ५६ सङ्ख्याको अभिलेख)

अघिल्लोमा °ह्य नाग पछिल्लोमा त्यसैलाई ह्यनग°; अघिल्लोमा सम्वत्सरे पछिल्लोमा त्यसैलाई °वंवत्सरे; अघिल्लोमा सित° पछिल्लोमा त्यसैलाई शित°; अघिल्लोमा वरुणभे पछिल्लोमा त्यसैलाई वरूणाभे; अघिल्लोमा शनै पछिल्लोमा त्यसैलाई शनौ, अघिल्लोमा गिस्पतौ पछिल्लोमा त्यसैलाई गीष्पतौ भन्ने पाठ पढेको कुरा माथिका दुइ थरी पाठ दाँजेर हेर्दा छर्लङ्ग हुन्छ । यतिबाट पनि कति लापरवाहीसँग डिल्लीरमण रेग्मीले प्राचीन अभिलेख छपाउने आँट गरेका रहेछन् भनी नबुझिने होइन ।

६. डिल्लीरमण रेग्मी २०२२:१०५, ४८८ ।

७. उही २०२३:१ खण्ड, ५८ ।

८. उही २०२२:४३२ मा २७ सङ्ख्याको सामग्री र ४३९, ४४० पृष्ठ ।

९. लूछ्याह्रो पेतेक (२०४०:१७०)ले यस ताम्रपत्रको पाठको उद्धरण गर्दा दुइपटक आएको ठाकुरसनको नलाई दुवै ठाउँमा हलन्त पारी ठाकुरसन् लेखेका छन् । नव्य भारतीय आर्यभाषामा लेखिएका कुरा रोमन लिपिमा उतार्दा युक्तस्वरव्यञ्जनमा उच्चारण नहुने, अन्त्यको अ हटाई अन्त्यको वर्ण हलन्त पार्ने चलन पश्चिमाहरूले चलाएका छन् । नेवारीमा कुनै कुनै शब्द र विभक्तिहरूको अन्त्यको अको उच्चारण हुन्छ भन्ने कुरा नेवारीका ख्यातनामा कोषकार र वैयाकरण, डेनमार्कका हान्स योर्गेन्सेन (१९९७:§ ७ = ११)ले निर्क्योल्न सके पनि नेवारी बोलेको सुन्न नपाएका उनले आफूले तयार गरेका नेवारी कोष (उही १९८४/८५ र १९९२) र व्याकरण (उही १९९७)मा धेरैजसो अकारान्त नेवारी शब्द र धातुहरूलाई हाँसोउठ्दो ढङ्गले हलन्त पारिदिएका छन् र कर्तृकारक न पनि यसको अपवाद छैन । (उदाहरणको लागि उही १९९७:§§ २४-२५ = २२ हेर्नू) । यही प्रभावमा परी इटालीका लूछ्याह्रो पेतेकले ठाकुरसनलाई ठाकुरसन् लेखेको हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अलिकति उद्धृत गरी संसारदेवी परलोक भएको दिनको अर्थ गर्ने र त्यहाँको तिथिमितिको गणना गर्ने उद्योग गरे तापनि उनले यो काम फत्ते पार्न भने सकेका छैनन् ।[१०]

यक्ष मल्लले जग्गा बेची गरिदिएका लिखतपत्रको सम्पादन गर्दा[११] वि.सं. २०४२ मा मैले उनको पालाका, छापिइसकेका सामग्री फेरि एकसरो पढें र रेग्मीले छापेको पाठको आधारमा त्यस ताम्रपत्रको पाठनिर्णय गर्ने कोशिश गरें । त्यस ताम्रपत्रमा संसारदेवी परलोक भएको दिनको तिथिमिति दिँदा संवत् अङ्कमा नदिई अङ्क बुझाउने शैलीमा दिइएको र एकस्थानी अङ्क बुझाउन त्यहाँ लेखिएको शब्द अन्त कतै अङ्क बुझाउँदा प्रयोग भएको नदेखिएकोले[१२] तथा त्यहाँ महीना दिँदा महीनाको नाउँ नकिटी **मासादौ** अर्थात **पहिलो महीनामा** भनी लेखिएकोले गणनाद्वारा निर्णय गर्नु आवश्यक हुन गयो । यसैले बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९) लाई गुहार्न म पुगें र उहाँसँग बसी गणना गर्न थालें । यहाँको मिति ने.सं. ५६७ कार्तिकशुक्लसप्तमी बृहस्पतिवार शतभिषानक्षत्र वज्रयोग मान्दा गणना मिलाउन सकिएन र महीनामा कार्तिकको ठाउँमा मार्ग मानी गणना गर्दा मिल्न गयो । मूल ताम्रपत्र, त्यसको रबिङ वा फोटो, अथवा प्रामाणिक मानिसले पढेको त्यसको पाठ हेर्न नपाएकोले डिल्लीरमण रेग्मीको अशुद्धिबहुल पाठको आधारमा आफूले निर्णय गरेको पाठ छपाउने र एकस्थानी अङ्क बुझाउन त्यहाँ प्रयोग भएको शब्दले ७ भन्दा १ बुझाउनु बढी सम्भव जस्तो लागेकोले यतिकै भरमा संसारदेवी परलोक भएको दिन यही हो भनेर ठोकेर भन्ने साहस आएन र म खुम्चेर बसिरहेको थिएँ ।

यस ताम्रपत्रमा संवत्को एकस्थानी अङ्क बुझाउन प्रयोग भएको शब्दको ठीक अर्थ निर्क्योल्न नसकिएकोले अहिले भाइ दिनेशराज पन्तले थरी थरी ढङ्गले गणना गरी यसको संवत् **ने.सं. ५६७** र महीना **मार्ग** हो भनी स्पष्ट पारिदिए । **नादले ७** बुझाउने कुरा *अपराजितपृच्छा* भन्ने वास्तुशास्त्रको ग्रन्थमा स्पष्टसँग लेखिएकोले पनि यस ताम्रपत्रमा दिइएको मितिको कमसेकम १३२ वर्षभन्दा अगाडिदेखि मानिआएको अर्थ[१३]को खण्डन भयो र ८५ वर्षभन्दा अगाडि[१४]देखि संसारदेवी परलोक भएको दिनको विषयमा उठेको कचिङ्गल टुङ्गियो ।[१५]

---

१०. लूछ्याह्रो पेतेक २०४०:१७०-१७१ मा यक्ष मल्लको १७ सङ्ख्याको सामग्री ।

११. महेशराज पन्त २०४२:४२-४६ ।

१२. **नादले ७** बुझाउँछ भनी *अपराजितपृच्छा* (४२ सूत्रमा ७ श्लोक) मा लेखिएको विषयमा हालै वि.सं. २०६३ श्रावण २ गतेको दिन संयोगवश आँखा पऱ्यो । यस विषयमा बढी कुरा महेशराज पन्त र दिनेशराज पन्त छापिन बाँकीमा लेखिएको छ ।

१३. महेशराज पन्त २०६२ ग:५८-६० = २ सङ्ख्या ।
महेशराज पन्त र दिनेशराज पन्त छापिन बाँकी ।

१४. यस ताम्रपत्रको उल्था गर्ने काम सबभन्दा पहिले सिद्धिहर्ष वज्राचार्यले गरेका हुन् । उनले त्यो उल्था वि.सं. १९७७ मा गरेको देखिन्छ (महेशराज पन्त २०६२:१० मा ४० सङ्ख्याको टिप्पणी) ।

१५. महेशराज पन्त र दिनेशराज पन्त छापिन बाँकी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाद्वारा काठमाडौँ भद्रकालीको गूठीलगत तथा अभिलेखशाखा-कार्यालयमा रहेका कागजातको माइक्रोफिल्म गरिँदै जाँदा वि.सं. २०४४ मा एउटा[१६] र वि.सं. २०४५ मा अर्को[१७] गरी यस ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्यले पढेको पाठ र गरेको उल्था भएका, त्यहाँ रहेका २ वटा उतार[१८]को पनि माइक्रोफिल्म भएपछि फेरि म यस ताम्रपत्रतिर तानिएँ ।

संसारदेवीसम्बन्धी यस ताम्रपत्रको, सिद्धिहर्ष वज्राचार्यले पढेको पाठ र उनले गरेको त्यसको उल्था पाइएपछि म डिल्लीरमण रेग्मीको पाठसँग त्यो भिडाउन लागेँ र उनको पाठमा धेरै ठाउँमा नबुझिएको कुरा सिद्धिहर्ष वज्राचार्यको पाठबाट खुल्न गयो तापनि सबभन्दा पहिलो श्लोकको पहिलो पाउको पाठ सिद्धिहर्ष वज्राचार्यले **स्तन्येन्दुवन्हित्रयलोचनाय** पढी शिवजीको विशेषणको रूपमा आएको यस समस्तपदको अर्थ **स्तनमण्डल भै चन्द्रमा भै आगो भै तिन् नेत्र भयेका** भनी गरेको मलाई कति पनि चित्त बुझेन[१९] र डिल्लीरमण रेग्मीले **सूर्येन्हुवह्नित्रय लोचनाय** भनी पढेको पाठमा न्हुलाई न्दु बनाई शुद्ध पाठ **सूर्येन्दुवह्नित्रय-लोचनाय** हो भन्ने ठहऱ्याएँ र सिद्धिहर्ष वज्राचार्यको पाठ डिल्लीरमण रेग्मीको भन्दा पनि कमसेकम एक ठाउँमा निकै भ्रष्ट भएको चाल पाएँ । अनि ती दुवै पाठको र सिद्धिहर्ष वज्राचार्यले गरेको त्यसको उल्थाको आधारमा यस ताम्रपत्रको आफ्नो मनले खाएको एकसरो पाठ र त्यसको उल्था पनि गरि-सिद्धयाएँ । त्यसपछि यस ताम्रपत्रको नेवारी खण्डको अर्थको विषयमा कहीँ कहीँ यज्ञानन्द गुभाजूसँग छलफल गरी आवश्यक सुधार गरेँ ।

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाद्वारा काठमाडौँ भद्रकालीको गूठीलगत तथा अभिलेखशाखा-कार्यालयमा माइक्रोफिल्म गरिएका कागजातको तेरीज खिँच्ने काम वि.सं. २०५१ देखि जर्मन-अनुसन्धानार्थ-सभाको खर्चमा गर्न थालिएकोले र त्यसमा मैले पनि काम गरेकोले यस्ता विषयमा बढी एकोहोरिन समय पाएँ । यसै प्रसङ्गमा यस ताम्रपत्रको नेवारी खण्डको अर्थको विषयमा कहीँ कहीँ काशीनाथ तमोटवाट खुलासा भयो र संसारदेवी परलोक भएको दिनको निर्णय गर्ने कामको शुरूआत दिनेशराज पन्तबाट भयो ।

वि.सं. २०५४ को हिँउदमा नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाद्वारा पशुपतिगोस्वाराको भण्डारमा रहेका ताम्रपत्र र कागजातको माइक्रोफिल्म[२०] गरिँदा मूलबाटै मैले यस ताम्रपत्रको पाठ एकसरो पढेँ । यसले गर्दा यस ताम्रपत्रको आफूले अघिबाट निर्धारण गरेको पाठ र उल्थामा ठाउँठाउँमा संशोधन गरी यसलाई प्रकाशमा ल्याउने अवस्थामा पुऱ्याएँ ।

---

१६. ४ नम्बरको पोकामा रहेको संसारदेवीगूठी = माइक्रोफिल्मको रीलसङ्ख्या के ६९/२० ।

१७. २ नम्बरको पोकामा रहेको संसारदेवीगूठी = माइक्रोफिल्मको रीलसङ्ख्या के ८७/२५ बी ।

१८. सिद्धिहर्ष वज्राचार्यले पढेको पाठ र गरेको उल्थाको लागि महेशराज पन्त २०६२:१५-१७ हेर्नू ।

१९. उही ६-७ ।

२०. माइक्रोफिल्मको रीलसङ्ख्या पीएन् ४/५२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मैले यसरी मूलबाट पढी प्रकाशमा ल्याउन हुने अवस्थामा पारेको डेढ वर्ष जतिपछि गोविन्द टण्डनको पशुपतिसम्बन्धी पुस्तकमा यस ताम्रपत्रको मूलपाठ र यसको उल्था छापियो ।[२१] **डिल्लीरमण रेग्मीले त सिद्धिहर्ष वज्राचार्यको पाठ र उल्था भेट्टाएको जस्तो मलाई लाग्दैन, गूठीअड्डामा पशुपतिसम्बन्धी कागजात खोतल्न लगातार डेढ वर्ष जति बिताई पशुपतिसम्बन्धी सबै सामग्री बटुलेर ढड्डु किताप लेख्ने गोविन्द टण्डनले भने सिद्धिहर्ष वज्राचार्यका पाठ र उल्था देख्नु धेरै सम्भव छ ।**[२२] यस कारणले पनि यस ताम्रपत्रको डिल्लीरमण रेग्मीले छपाएको पाठभन्दा गोविन्द टण्डनले छपाएको पाठ निकै सुध्रिएको देखिन्छ तापनि त्यसमा अझै सुधार्नुपर्ने ठाउँ छ । यस्तो ꣳ अनुस्वारलाई गोविन्द टण्डनले कहीँ विसर्ग र कहीँ अनुस्वारै पढेको र कहीँ यसको खयालै नराखेको, जोडेमोडेको अक्षर पढ्दा ठाउँठाउँमा गल्ती गरेको र शब्द जोड्नेछुट्याउने विषयमा प्रशस्त गल्ती गरेकोतर्फ उदाहरणको लागि औँल्याउनु नै पर्याप्त होला । उनले दिएको पाठ र गरेको उल्थामा पनि ठाउँठाउँमा संशोधनको लागि अझै ठाउँ छ भन्ने कुराको दृष्टान्तको लागि **दं संवच्छलीलाई** दशरा मशरा गरी **दंसं वछली** पढेर त्यसको अर्थ **वर्षेपिच्छे वैशाखमा** र **स्वंकनलाई स्वकन** पढी त्यसको अर्थ **तीन चोटी**[२३] गरेकोलाई देखाउन सकिन्छ । **जाम्बूनदको जम्बुनदी** र **जुधान पुनिशिको हरेक पूर्णिमा**[२४] भनी उनले लेखेकोलाई उल्था बिग्रेकोको उदाहरणको रूपमा देखाउनु-पर्छ ।

वि.सं. २०५७ मा कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा पुरानो नेवारीको कोष निस्कियो ।[२५] यस ताम्रपत्रमा परेका शब्दले पनि त्यस कोषमा ठाउँठाउँमा प्रवेश पाए तापनि **कमलप्रकाश मल्लका अरू अरू कृति जस्तै त्यो कोष पनि बुद्धिको दारिद्र्यको उत्तम नमूना बन्न गएको**[२६]ले त्यसबाट पनि यस ताम्रपत्रको अर्थ गर्न खास मदत मिलेन । नेवारी अर्थसमेत दिइएका, *अमरकोष*का लेखोट पुस्तकहरूको आधारमा तयार गरिएको, राम्ररी सम्पादन नगरी कोरा सामग्रीको रूपमा प्रस्तुत अभिधानकोष[२७]बाट बरु केही मदत मिल्यो ।

---

२१. गोविन्द टण्डन २०५६:१२५-१३० = अभिलेख खण्ड (क)मा परिशिष्ट-४ को अभिलेख ।

२२. महेशराज पन्त २०६२:१० ।

२३. कमलप्रकाश मल्ल आदि २०५७ मा यस ताम्रपत्रको आधारमा **स्वंकन** शब्द चढाई त्यसको अर्थ **थ्री टाइम्ज्** (तीनचोटि) भनी गरिएको छ । त्यही कोषमा **क्वाक्वनमा** पनि हेर्नू ।

२४. कमलप्रकाश मल्ल आदि २०५७ मा यस ताम्रपत्रको आधारमा **जुधान पुनिशि** शब्द चढाई त्यसको अर्थ **द फुल्-मून् डे अफ् द लूनर् मन्थ्** (चान्द्र मासको पूर्णिमा) भनी गरिएको छ । यसको खण्डन महेशराज पन्त २०६२ ज:२१-२२ मा छ ।

२५. कमलप्रकाश मल्ल आदि २०५७ ।

२६. महेशराज पन्त २०६२ ज:१४-२८ ।

२७. नेपाल भाषा डिक्शन्अरि कमिट्इ २०५५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फेरि वि.सं. २०५८ मा पूरै वर्षभरि र वि.सं. २०५९ मा कार्तिकको आधाआधीसम्म फुर्सदफुर्सदमा यस ताम्रपत्रको सम्पादनमा एकोहोरिई मैले यस निबन्धको परिमार्जन गरें। यसै सन्दर्भमा यस ताम्रपत्रमा आएको **दिनक्षयसंक्रांतिको** के अर्थ होला भनी वि.सं. २०५८ चैत्र २९ गते र शब्दद्वारा अङ्क बुझाउँदा यही ताम्रपत्रमा आएको **नाद** शब्दको के अर्थ होला भनी २०५९ ज्येष्ठ २१ गते लिभर्पूलको इन्डलजिको वेबसाइटमा ई-मेलद्वारा सम्पर्क गर्दा ४ जनासँग यी विषयमा चिठीपत्र भयो तापनि निष्कर्ष खास निस्केन।

वि.सं. २०६१ श्रावणको चौथो हप्तादेखि चैत्रसम्म फेरि यो निबन्ध अझ परिष्कृत पारें। यस ताम्रपत्रसँग सम्बद्ध[२८] र यसको अर्थ र व्याख्या गर्न काम लाग्ने[२९] केही उपकरणको प्रकाशन यसै प्रसङ्गमा वि.सं. २०६२ वैशाखमा र श्रावणमा *पूर्णिमा*का २ अङ्कमा गरियो। अहिले वि.सं. २०६२ माघदेखि अर्को ८ महीना मैले फेरि यस काममा बिताएँ।

यो लेख छापिने छापिने अवस्थामा पुग्दा मलाई नेपाली व्याकरणसम्बन्धी एउटा प्रश्नले निकै पिरोल्यो। त्यो के हो भने विशेषण भएर आएका सर्वनाम **त्यो** र **यो** कसैको लेखमा **त्यस** र **यस** भएर आएको र कसैकोमा भने यथास्थितिमै रहेको। आफूसँग रहेका नेपाली भाषाका कोषव्याकरणका पुस्तक पल्टाई हेर्दा कुनैमा यसमा त्यति विचार नगरेको र गरेकोमा पनि कसैले दुवै रूप मानेको[३०] र कसैले

---

२८. महेशराज पन्त २०६२:१-१७।
उही २०६२ ग:५३-६७।

२९. उही २०६२ क:१८-३०।
उही २०६२ ख:३१-५२।
उही २०६२ ङ:१४-२४।
उही २०६२ च:२५-४४।
उही २०६२ छ:४५-७०।

३०. हेमराज पण्डितज्यू (१९६९:§२०७ = १ सङ्ख्याको टिप्पणी = १९२-१९३ पृष्ठ) – ...'...त्यस मानिसको ... प्रयोग हुन्छ. ... त्यो मानिसको, ती बाहुनलाई' इत्यादि पनी एकवचनको एकवचनमा, अनेकवचनको अनेकवचनमा प्रयोग हुन्छ. यसैले एकवचनमा 'त्यो मानिसको, त्यस मानिसले, यो मानिसलाई, यस मानिसमा' यस्तो, अनेकवचनमा 'ती रामुले, ती मानिसहरूलाई, तिनी पण्डितबाट, यी मानिसहरू' इत्यादि प्रयोग हुन्छ; ...

रोहिणीप्रसाद भट्टराई (२०३३:§२१० = १४८) –

शब्द	एकवचन
त्यो	...
यो	...
...	...
प्र०	त्यस मानिसले
द्वि०	त्यो मानिसलाई
	त्यस मानिसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस्तो अवस्थामा अविभक्तिक प्रथमा र द्वितीयाका एकवचनबाहेक अरू एकवचनमा **यस त्यस** हुन्छ[३१] भनी लेखेको देखियो। नेपाली मेरो जन्मभाषा भएकोले कुनचाहिँ ठीक हो भन्ने विषयमा उदाहरण बनाई बनाई मैले निकै समय खर्च गरें तापनि त्यति राम्ररी निर्णय भने गर्न सकिनँ। बोलीचालीमा यस्तो अवस्थामा केही शब्दमा छोडेर तिर्यग् रूप नआउने भए तापनि लेखाइमा यही रूपको बढी चल्ती भएकोले यहीअनुसार लेखेको छु। **यो कारण** नभई **यस कारण** किन भयो भन्ने कुराको खुलासा यताबाट नभएकोले यस विषयमा अझ विचार गर्न बाँकी छ भन्ने मैले ठानेको छु।

यस ताम्रपत्रसम्बन्धी मेरो लेखको आकार मझौला खालको पुस्तकको हुन गए तापनि यसलाई पुस्तकाकारमा छाप्न अहिले अनुकूल नपरेकोले यसलाई *पूर्णिमा*मा क्रमशः प्रकाश गर्दै जाने विचार गरें। यसैले *पूर्णिमा*को यो अङ्क र यसपछिका लगत्तैका २ अङ्कमा गरी यस ताम्रपत्रको उल्थासम्मको भाग प्रकाश गरिनेछ। एउटै लेख ३ खण्डमा बाँडेर प्रकाश गर्नुपरेकोले पाठकहरूलाई ताम्रपत्रको फ्याक्सिमिलिसँग मैले पढेको मूलपाठ र मूलपाठसँग मैले गरेको उल्था दाँजेर हेर्न सजिलो होओस् भनेर फ्याक्सिमिलि, मूलपाठ र उल्था अलग अलग अङ्कमा पर्ने गरी लेख टुक्र्याइएको छ। यस ताम्रपत्रका व्याख्यासम्बन्धी भाग *पूर्णिमा*का पछिपछिका अङ्कमा क्रमशः प्रकाशित गरिनेछ।

जान्ने सुन्ने जनहरु कुनै लेख मेरो सुनेर देख्लान् केही त्रुटिहरु, तिनी ती गराऊन् प्रकाश
श्रद्धा राखी मतिर अथवा द्वेष राखी ममाथि झूटा चर्चा यसतिर नहून्, यत्ति मेरो छ बिन्ती

– नयराज पन्त २०५१:१

तृ०	त्यो, वा त्यस मानिसले
च०	त्यो वा त्यस मानिसले
पं०	त्यो वा त्यस मानिसदेखि
ष०	त्यो वा त्यस मानिसको
स०	त्यो वा त्यस मानिसमा
	यस्तै अरू शब्दको पनि

३१. विश्वमणि दीक्षिताचार्य्य (१९७०:४०) – विशेषणावस्थामा यो, त्यो, ऊ शब्दका स्थानमा अविभक्तिक प्रथमा र द्वितीयाका एक-वचन बाहेक अरू एक वचनमा यस तेस, उस आदेश, बहुवचनमा सर्वत्र ई, ती, ऊ आदेश हुन्छ; जस्तै – त्यो विचार तेस ठाऊँमा उस कामका निमित्त ती मानीसहरूले गरेका हुन्।

चक्रपाणि शर्मा चालिसे (त्यसमा) – त्यस– (ना०) त्यो शब्दको प्रथमाको एकवचन बाहेक अन्यत्र प्रयोग गरिने सामान्य रूप।

रामचन्द्र ढुंगाना (२०३५:त्यसमा) – त्यस–(सर्व०) त्यो शब्दको प्रथमाको एकवचनबाहेक अन्त प्रयोग हुने सामान्य शब्द।*

---

* बालकृष्ण पोखरेल आदि (२०६०:त्यसमा) – त्यस– सर्व०/वि० [प्रा० तस्म > सं० तस्य] 'त्यो' सर्वनाम वा विशेषणको तिर्यक् रूप। (उदा०– त्यस केटालाई भन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१. यस ताम्रपत्रको सामान्य बयान

यो ताम्रपत्र पशुपतिगोस्वाराको भण्डारमा हाल सन्दूकभित्र राखिएका प्रशस्त ताम्रपत्रमध्ये एक हो। यसमा सुनको जलप लगाइएको छ। यसको पाता खँदिलो नभई निकै हल्का छ। यसको लम्बाइ १९.६ अङ्गुल र चौडाइ ४१.२ अङ्गुल छ। यो ताम्रपत्र राम्रै अवस्थामा छ तापनि यसको बीचको भाग ६ पङ्क्तिसम्म अलिकति फुटेको छ र यसको असर ४ पङ्क्तिसम्मका एउटा अक्षर वा दण्डमा परेको छ।[1] **ताबापत्र श्रीपसुपतीनाथका देवालयेभीत्र टासी**[2] भनी वि.सं. १९३१ आषाढकृष्णपञ्चमी (ज्येष्ठ २४ गते)को जङ्गबहादुरको रुक्कामा यस ताम्रपत्रको विषयमा लेखिएकोले र यसको दायाँबायाँ किनारामा प्वाल भएकाले यसलाई पहिले पशुपतिको मन्दिरको भित्तामा किला ठोकेर राखेको स्पष्ट हुन्छ। रणोद्दीपसिंहले वि.सं. १९३६ मा पशुपतिको मन्दिरको बाहिरी भित्तामा सिङ्गमरमर छाप्दा यस्ता ताम्रपत्र भित्ताबाट उखेलिएका हुन् भन्ने देखिन आएको छ।[3]

---

१. तल १३० सङ्ख्याको टिप्पणी।

२. महेशराज पन्त २०६२ ग:५८।

३. *राजवंशावली* भन्ने नाउँ राखिएको, वि.सं. १९४२ कार्तिकसम्मको कुरा परेको एउटा वंशावली (बालचन्द्र शर्मा २०२५:२७)मा यस विषयमा यस्तो लेखिएको छ –

> **श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका पालामा यिनै मुख्तियारी राजा रणउद्दीप सिंह राणाले श्री पशुपतिका देवालय बाहिर खण्डमा संगमर्मरका प्रमाणका सेतो ढुंगाले छापिदियाको १९३६ सालमा बनायाका ...**

गोविन्द टण्डन (२०५३:१२८, १२९)ले लेखेको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ –

> **जङ्गबहादुरका भाइ रणोद्दीपसिंहले वि.सं. १९३६ मा मन्दिरको बाहिरी भित्ता एवं जमीनमा सङ्गमर्मरका चौकुने इँटहरू छापी राम्रो पारे। त्यस वेला ती सङ्गमर्मरहरू कलकत्ताबाट झिकाइएका थिए। ...**
>
> **पशुपतिनाथको मन्दिरको बाहिरी सिँढी तथा तल्लो तलाको चारैतर्फको भित्तामा अहिले सङ्गमर्मर टाँसिएको देखिन्छ। पहिले यस्तो थिएन। राणा प्रधानमन्त्री रणोद्दीपसिंहले ती सङ्गमर्मरहरू टाँसेका हुन् भन्ने कुराको चर्चा माथि नै गरियो। सङ्गमर्मर टाँस्नुअघि इँटाका भित्ता थिए र त्यसमा विभिन्न व्यक्तिहरूले भिन्न-भिन्न उद्देश्यले राखेका सुवर्णपत्र, ताम्रपत्रहरू टाँसिएका थिए। त्यस वेलाका धेरैजसो ताम्रपत्र, सुवर्णपत्रहरू पशुपतिगोश्वार*मा अझै छन्।****

---

* °गोश्वारा°मा रको कान्नानी छुटेको छ।

** राणाकालका ऐतिहासिक भनी कहलिएका पुरुषोत्तम शमशेर ज.ब.रा. (२०४७:२१६-२१७)ले रणोद्दीपसिंहले पशुपतिको मन्दिरमा सिङ्गमरमर छापेको मितिको विषयमा यस्तो लेखेका छन् –

> **वि.सं. १९३४ मा यिनले श्रीपशुपतिनाथको शिवालयमा सङ्गमर्मर छाप्न लगाए। वि.सं. १९३९ जेष्ठ १ गतेका दिन आफ्नो निजी निवासस्थान नारायणहिटी दरबार – (हाल राजदरबार) को श्रीलक्ष्मीनारायणको मन्दिरको गजुरवरिपरि सुनको चक्र राखे। सोही दिनदेखि श्रीपशुपतिनाथको मन्दिरमा पनि सङ्गमर्मर छाप्न शुरू गर्न लगाए।**

यही कुरा उनले फेरि (२०५९:२४९-२५०) शब्दश: दोहऱ्याएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. यस ताम्रपत्रको लिपिको विषयमा

नेपालमा चलेका लिपिसम्बन्धी कामको शुरूआत आजभन्दा एक सय चौवीस वर्षभन्दा अगाडि सेसिल बेन्डल[४]बाट भएको र वि.सं. २००७ पछि यस विषयमा निकै काम भए[५] तापनि तिनको शास्त्रीय ढङ्गले

४. सेसिल बेन्डल १९३९*:१८९-२११ ।
उही १९४०:*प्यालइओग्राफ्इक्ल् इन्ट्रडक्शन्* (लिपिसम्बन्धी उपोद्घात)मा १७-३८ पृष्ठ ।

५. वि.सं. २००७ देखि हालसम्म प्रकाशमा आएका र आफ्नो आँखामा परेका सबै कृतिको सूची तल दिइएको छ तापनि ती सबैको तह एकैनासको छ र लिपिको परिशीलन गर्न ती सबै आवश्यक छन् भन्ने पनि होइन । यिनमा पाण्डित्यमय कृतिका साथै उत्साही नेवारहरूले चर्वितचर्वण गरेर वा पिष्टपेषण गरेर लेखेका, नेवार वच्चाहरूलाई वर्णमाला सिकाउन लेखिएका र प्राचीन इतिहास पढ्नेहरूको लागि अध्यापकले लेखेका कामचलाउ कृतिसमेत समेटिएका छन्–

पन्नाप्रसाद जोशी २००७ ।
हेमराज शाक्यवंश २०१३ ।
हेमराज शाक्य २०१७ ।
शङ्करमान राजवंशी २०१७ ।
उही २०१७ क ।
महेशराज पन्त २०१९ ।
उही २०२० ।
नयराज पन्त २०२१:१-१९ ।
शङ्करमान राजवंशी २०२१ ।
नयराज पन्त २०२२:१-९ ।
उही २०२२ क:१-७ ।
उही २०२२ ख:१-७ ।
उही २०२४:१०१-१०६ ।
हेमराज शाक्य ।
शङ्करमान राजवंशी २०२५:३१ ।
धनवज्र वज्राचार्य २०२५:१८१-१८९ ।
उही २०२६:२७३-२८३ ।
हेमराज शाक्य २०३० ।
शङ्करमान राजवंशी २०३१:२३-१२० ।
जीग्फ्रीत लीन्हार्त २०४४:*इन्ट्रडक्शन्* (उपोद्घात)मा १७-२५ पृष्ठ ।

व्याघातोक्तिले दूषित यसको चर्चा गर्नुपर्ने थिएन तापनि घोषवृद्धहरू अर्थ र यशको लाभको लागि ऐतिहासिक बन्न आएको राम्रो उदाहरण यो भएकोले यसको उद्धरण यहाँ गरिएको हो ।

* सेसिल बेन्डलको यो लेख वि.सं. १९३९ मा छापिए तापनि यो ई.सं. १८८१ सेप्टेम्बर (वि.सं. १९३८)मा बर्लिनमा भएको प्राच्यविद्याका नाना देशका विद्वान्हरूको पाँचौं सभामा पढिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवेचना गर्ने काम अझै निकै नै बाँकी रहेकोले यो ताम्रपत्र जुन लिपिमा कुँदिएको छ, त्यस लिपिलाई नेवारी लिपि भनी हाल कहलिएको लिपिका पुराना शैलीमध्ये एक हो भनी अहिलेलाई काम चलाउनुपरेको छ ।

यस ताम्रपत्रको लिपिको विषयमा विशेष कुरा अहिले भन्न नसके तापनि यसका डिको र विरामचिह्नको विषयमा मनमा लागेको कुरा भने भनिहाल्छु ।

२.१. डिकोको विषयमा

सबभन्दा पहिले डिकोकै कुरा गरौँ । यो ताम्रपत्र यक्ष मल्लको भएकोले उनकै वा उनको पालाका लेखका लिपिको चर्चा गर्नु यस प्रसङ्गमा राम्रो होला । त्यसताकाका लेखमा मोटामोटी रूपमा भन्नुपर्दा कुनैमा दायाँ फर्किएको र कुनैमा सोझो डिको हालेको देखिन्छ । यस ताम्रपत्रमा चाहिँ डिको सोझो छ । यस्तै

दिनेशचन्द्र रेग्मी २०४८ ।
विष्णु चित्रकार २०४८ ।
प्रचलित नेपाल लिपिया वर्णमाला ।
प्रचलित नेपाल लिपि वर्णमाला ।
राष्ट्रिय अभिलेखालय २०५१ ।
रञ्जना लिपि वर्णमाला ।
रञ्जना श्रेष्ठ र राजीव शंकर श्रेष्ठ २०५३ ।
नोबुओ ओत्सुका २०५३/५४:१७-३९ ।
यासुओ मात्सुनामी:१३१-१५३ ।
ओमकारेश्वर श्रेष्ठ २०५४/५५ ।
ज्वाला स्थापित र काशीनाथ तमोट २०५७:३३-५२ ।
सत्यमोहन जोशी २०५७ ।
सोमप्रसाद खतिवडा २०५७:४५-७८ ।
द्रागोमीर दीमित्रोव २०५८:२७-७८ ।
रबिसन शाक्य २०५९ ।
नोरियुकी कुदो २०६०:७३-९५ ।
दिनेशचन्द्र रेग्मी २०६० ।
नेपाल लिपि वर्णमाला – प्रचलित, रञ्जना व भुजिंमोल ।
सोमप्रसाद खतिवडा २०६०:१०५-१८० ।
जीवनकुमार महर्जन २०६१ ।
नमस्ते २०६१:९-२३ ।
आन म्याक्डनल्ड २०६२:१०-१२, १६-२२ ।
त्रिरत्न मानन्धर २०६३:१३-१५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खालको डिको ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्णदशमीको पशुपतिको ताम्रपत्रमा[६] भएको कुरालाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ । यक्ष मल्लकी रानी सरस्वतीदेवीले चाँगुनारायणमा कार्तिक महीनाभरि बत्ती बाल्न भनी ने.सं. ५८५ (वि.सं. १५२२) आश्विनपूर्णिमाको दिन चढाएको पानसमा कुँदिएको लेख[७] र यक्ष मल्लको सपिण्डी श्राद्धको दिन[८] ने.सं. ६०२ (वि.सं. १५३८) चैत्रशुक्लदशमीमा

६. महेशराज पन्त छापिन बाँकी:६ सङ्ख्या ।

७. मोहनप्रसाद खनाल २०४०:३५-३७ सङ्ख्याका चित्र = ३३ सङ्ख्याको अभिलेख ।

८. सपिण्डी श्राद्ध आजभोलि पर्वतेहरूमा सामान्यतया मरेको बाह्रौँ दिनमा गरिने भएकोले होला, मोहनप्रसाद खनाल (२०४०:१८८)ले यस अभिलेखको **सपिण्डीकरणदिनेको** अर्थ **सपिण्डी गर्ने दिन (बाह्रौँ दिनमा)** भनी गरेका छन्, देविचन्द्र श्रेष्ठ (२०५९:२२)ले चाहिँ **४५ दिनपछि सपिण्डीकरण** हुने भनी लेखेका छन् । ने.सं. ६०२ (वि.सं. १५३८) माघकृष्णएकादशीको दिन यक्ष मल्ल बितेको पक्का भइसकेकोले त्यही वर्ष चैत्रशुक्लदशमीमा उनको सपिण्डी श्राद्धको दिन राखिएको सालिक उनी परलोक भएको बाह्रौँ दिनमा राखिएको नभई ४५ दिनमा राखिएको पक्का हुन्छ ।*

* एउटा टिपोटमा ने.सं. ६०२ (वि.सं. १५३८) माघकृष्णएकादशीमा र अर्कोमा त्यही साल फाल्गुनशुक्लएकादशीमा यक्ष मल्ल विते भनी लेखिएकोले उनी कुन दिन बिते भन्ने कुराको निर्णय गर्नको लागि मैंले (महेशराज पन्त २०६१:२५-२७ मा ३० सङ्ख्याको टिप्पणी) बाह्य र आभ्यन्तर दुवै खालका प्रमाण केलाएँ[+] र यक्ष मल्ल माघकृष्णएकादशीकै दिन परलोक भएका

\+ नील्स गुत्शो र अक्सल मिषायेल्स (२०६२:१२५-१७५)अनुसार मरेको ४५ दिनमा नेवारको सपिण्डी श्राद्ध गरिने र डेढ महीना अर्थात् ४५ दिन बुझाउने **लत्या** शब्दले सपिण्डीकरण बुझाउने देखिन्छ ।[✕]

✕ यस पुस्तकमा भक्तपुरका एक जना शिवमार्गी नेवारको सपिण्डी श्राद्धको नालीबेली र पुरोहितहरूले यस्ता कर्मकाण्ड गराउँदा पल्टाउने गुटकाहरूको मूलपाठ र उल्था दिइएको छ । ती गुटकाको सम्पादन र उल्था यति गएगुज्रेको छाँटले भएको छ कि त्यसको एउटा उदाहरण यहाँ देखाउनु अप्रासङ्गिक नहोला ।

एउटा गुटकाबाट यस्तो

श्रीविष्णो प्रतिमा ह्येषा सर्वोप॥स्करणैर्युता. सर्वरत्नसमायु।क्ता तव विप्र निवेदिता. आत्माशम्भु।शिवा गौरीशक्रः ,सुरगणै सह. तस्मा। च्छXXय्याप्रदानेन आत्मा ह्येष प्रसी।दतु.

(१६१ पृष्ठ)

पाठ दिई **सुरगणैलाई सुरगणैर्** र **तस्माच्छXXय्याप्रदानेनलाई तस्माच्छय्याप्रदानेन** बनाई टिप्पणीमा सच्याइएको छ ।

माथि उद्धरण गरिएका श्लोकको उल्था यसरी गरिएको छ –

ओ श्रीविष्णु, दिस् भेरइ आइकन् टुगेद्अर् विथ् अल् अफ् द युटेन्स्ल्ज्, प्रभाइड्इड् विथ् अल् (काइन्ड्ज् अफ्) भ्याल्युअब्ल् गिफ्ट्स् इज् गिभ्न् टु यु, ओ ब्रामिन् । बिकज् अफ् दिस्, बाइ मीन्ज् अफ् द गिफ्ट् अफ् ए बेड्, द सेल्फ्, शम्भु, शिव, गौरी (यान्ड्) शक्र टुगेद्अर् विथ् ट्रूप्स् अफ् गड्ज्, (यान्ड्) दिस् भेरइ सेल्फ् शुड् बी स्याट्इस्फाइड् ।

(१७२ पृष्ठ)

माथिका पाठ र उल्थामा परेका विसङ्गतिका झीनामसीना कुरा छोड्दा पनि यति त भन्नैपर्छ –

पहिलो श्लोकको **श्रीविष्णोको** उल्था **ओ श्रीविष्णु** भनी गरिएको छ । नेवारका लेखमा विसर्ग टुट्ने वा थपिने काम सहजै हुन्छ (महेशराज पन्त २०५७:§१.८.१५.१ = १९६-१९८) भन्ने कुराको खयाल नराखी एउटा सम्बुद्धि विप्र हुँदा हुँदै यस **श्रीविष्णोलाई**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राखिएको प्रतिमाको आसनीमा कुँदिएको लेखको[९] डिको सोझो भएको कुरा पनि यस प्रसङ्गमा सम्झन पुगिन्छ ।

सोझो डिको भएका शिलालेखको कुरा गर्ने हो भने ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्लप्रतिपदाको पाटन बालकुमारी ससुखेलको,[१०] ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणपूर्णिमाको भक्तपुरदरबारको मूलढोकाको,[११] ने.सं. ५८९ (वि.सं. १५२६) वैशाखपूर्णिमाको भक्तपुर सिद्धपोखरीको चन्द्रमूर्तिको,[१२] ने.सं. ५९१ (वि.सं. १५२७) माघशुक्लनवमीको पशुपतिको[१३] र ने.सं. ५९७ (वि.सं. १५३३) माघशुक्लत्रयोदशीको भक्तपुर गाहिटीको[१४]मा भएको कुरालाई उदाहरणको रूपमा देखाउन सकिन्छ ।

यक्ष मल्लको पालामा सारिएका ११ वटा पुस्तक[१५] हेर्दा तिनमा ने.सं. ५५० (वि.सं. १४८६) फाल्गुनकृष्णचतुर्दशीको दिन लेखिसिद्धयाइएको नेवारी टिप्पणीसहितको *अमरकोष*मा,[१६] ने.सं. ५६७ (वि.सं. १५०४) श्रावणकृष्णदशमीको दिन सारिसिद्धयाइएको *कातन्त्रवृत्तिविवरणपञ्जिका*मा,[१७] ने.सं.

९. मोहनप्रसाद खनाल २०४०:४०-४२ सङ्ख्याका चित्र = ४२ सङ्ख्याको अभिलेख ।

१०. महेशराज पन्त २०६२ ङ:२० ।

११. उही:२१ ।

१२. उही:२२ ।

१३. शङ्करमान राजवंशी २०३१:८५ = ४१ सङ्ख्याको प्लेट् ।

१४. महेशराज पन्त २०४५ क:५ पृष्ठको अगाडि भएको फोटो ।

१५. यीमध्ये ने.सं. ५६७ (वि.सं. १५०४) आश्विनकृष्णपञ्चमीको दिन यङ्गलमा सारिसिद्धयाइएको *गीतगोविन्द*मा राजाको नाउँ नदिइए तापनि त्यस वेला यक्ष मल्ल राजगद्दीमा भएकाले यसलाई पनि यक्ष मल्लको पालाका अरू अरू पुस्तकसँगै चर्चा गरिएको हो ।

१६. माथि ३४ पृष्ठमा भएको फ्याक्सिमिलि हेर्नू ।

१७. महेशराज पन्त २०६२ च:३८ ।

हुन् भन्नेपट्टि म ढल्कें तापनि निर्णय भने राम्रो गर्न सकेको थिइनँ । मुकुन्दराज अर्याल २०६०:३१ मा अहिले मेरो आँखा पर्दा अहिलेसम्म प्रकाशमा नआएको अर्को एउटा ठ्यासफूको परिचय दिने क्रममा त्यहाँ त्यस ठ्यासफूको मूलवाक्यको उद्धरण नगरे पनि त्यस ठ्यासफूबाट पनि ने.सं. ६०२ माघकृष्णएकादशीमा यक्ष मल्ल परलोक भएको कुरा देखिन आयो । यतावाट पनि यक्ष मल्ल माघकृष्णएकादशीमै परलोक भएका हुन् भनी भन्न बढी बल मिल्न गएको छ ।

पनि प्रसङ्गै नमिल्ने गरी अर्को सम्बुद्धि यहाँ बनाइएको छ । यसैले **श्रीविष्णोः प्रतिमा-द्वोषा**को अर्थ **दिस् भेर्इ आइकन् अफ् श्रीविष्णु** हुनुपर्छ । दोस्रो श्लोकमा **आत्मा शम्भु शिवा** तिनलाई समस्तपदको रूपमा आएका नभई यी असमस्त रूपमा आएका पद हुन् । त्यस्तै अवस्था **गौरी** र **शक्र**को पनि हो । यस कारण यिनलाई समस्तपद जस्तो गरी जोड्नु हुँदैन र **शम्भु**मा विसर्ग हाल्नुपर्छ वा **शम्भुशिवा** गर्नुपर्छ भनी भनिरहनुपर्दैन । यहाँ त समस्तपद पारिएको छ र समस्तपदमा नकारान्त **आत्मन्** शब्दपछि अर्को शब्द आउँदा **आत्म** हुनुपर्ने जस्तो समासको सामान्य नियमको पनि खयाल राखिएको छैन । यसलाई समस्तपद पार्दा **आत्मा**लाई खालि **आत्म** बनाएर मात्र पुग्दैन, अरू अरू पदमा पनि निकै सुधार गर्नुपर्छ । मूलमा **सुरगणै सह** भएकोले यसलाई शुद्ध पार्न कि **सुरगणैः सह** कि **सुरगणैस्सह** बनाउनुपर्छ भन्ने कुरा संस्कृतका सामान्य विद्यार्थीलाई पनि थाहा हुने भए तापनि यति कुराको पनि खयाल नगरी यहाँ **सुरगणैर् सह** भनी सच्याइएको देख्दा उदेक लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५८४ (वि.सं. १५२०) चैत्रशुक्लपञ्चमीको दिन भक्तपुरमा सारिसिद्धचाइएको *माधवनिदान*मा,[१८] ने.सं. ५८४ (वि.सं. १५२१) श्रावणशुक्लएकादशीउप्रान्त द्वादशीको दिन सारिसिद्धचाइएको *श्रीकर्मदेवार्चनविधि*मा,[१९] ने.सं. ५८७ (वि.सं. १५२४) ज्येष्ठपूर्णिमाको दिन सारिसिद्धचाइएको *कुशण्डीकर्म*मा,[२०] ने.सं. ५८८ (वि.सं. १५२४) पौषकृष्णपञ्चमीको दिन फर्पिङमा सारिसिद्धचाइएको *भार्गवधनुःशास्त्र*मा,[२१] ने.सं. ५९४ (वि.सं. १५३१) ज्येष्ठशुक्लद्वादशीको दिन भक्तपुरमा सारिसिद्धचाइएको *हितोपदेश*मा,[२२] ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लसप्तमीको दिन काठमाडौँमा सारिसिद्धचाइएको *पञ्चरक्षा*मा[२३] गरी ७ वटामा सोझो डिको र ने.सं. ५६७ (वि.सं. १५०४) आश्विनकृष्णपञ्चमीको दिन यङ्गलमा सारिसिद्धचाइएको *गीतगोविन्द*मा,[२४] ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्णचतुर्थीको दिन सारिसिद्धचाइएको *भोजदेवसङ्ग्रह*मा[२५] र ने.सं. ५९९ (वि.सं. १५३५) माघशुक्लद्वादशीउप्रान्त त्रयोदशीको दिन काठमाडौँमा सारिसिद्धचाइएको *पञ्चरक्षा*मा[२६] चाहिँ डिको दायाँ फर्काइएको छ ।

यक्ष मल्लको पालाका शिलापत्र र पुस्तकको लिपिको विषयमा त यो लेख लेख्दा मैले त्यति बिदि विचार गरेको छैन; ताडपत्रमा लेखिएका लिखतपत्रका, आफ्नो सङ्ग्रहका फोटो भने निकै नै हेरियो । उनको पालाका १५९ वटा लिखतपत्र केलाउँदा दायाँ फर्किएको, सोझो, थोरै दायाँ फर्किएको र पूरै सोझो नभएको गरी डिकोका ४ प्रकार भेटिए । १२९ वटा लिखतपत्रमा डिको दायाँ फर्किएको,[२७] १९ वटामा डिको सोझो,[२८] ६ वटामा डिको थोरै दायाँ फर्किएको[२९] र ५ वटामा डिको पूरै सोझो नभएको[३०] भेटिए ।

---

१८. उही:३९ ।

१९. सुरेशज्योति शाक्य २०६३:३५ ।

२०. महेशराज पन्त २०६२ च:३९ ।

२१. उही:४० ।

२२. उही:४१ ।

२३. उही:४२ ।

२४. उही २०६२ घ:६ ।

२५. उही २०६२ च:३८ ।

२६. उही:४२ ।

२७. उही २०६२ छ:१-३, ५, ७-२३, २५, २७-२९, ३१-३५, ३७-४९, ५१-५७, ५९-७४, ७६-८२, ८५-९३, ९५-९९, १०१-१०८, ११०-१११, ११६-१२०, १२२-१२३, १२५, १२७, १२९-१३५, १३७, १३९-१४१, १४३, १४६-१५०, १५३-१५६, १५८-१५९ सङ्ख्या ।

२८. उही:४,२४, २६, ५८, ८४, ९४, ११२-११३, १२१, १२४, १२६, १२८, १३६, १३८, १४२, १४४-१४५, १५२, १५७ सङ्ख्या ।

२९. उही:६, ३०, ३६, ५०, ७५, १५१ सङ्ख्या ।

३०. उही:८३, १००, १०९, ११४-११५ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो यस ताम्रपत्रमा सोभ्नो डिको हालिएकोले त्यस्तै डिको भएका लिखतपत्रको विषयमा अलि बढी खुलाएर लेख्नुपरेको छ । सबभन्दा पहिले सोभ्नो डिको भएका लिखतपत्रको तालिका यहाँ दिइन्छ[३१] –

१) ने.सं. ५५० (वि.सं. १४८७) आषाढशुक्लप्रतिपदाको[३२]
२) ने.सं. ५५९ (वि.सं. १४९६) भाद्रशुक्लपञ्चमीको[३३]
३) ने.सं. ५६० (वि.सं. १४९६) फाल्गुनशुक्लनवमीको[३४]
४) ने.सं. ५७१ (वि.सं. १५०७) कार्तिककृष्णपञ्चमीको[३५]
५) ने.सं. ५७७ (वि.सं. १५१४) श्रावणकृष्णदशमीको[३६]
६) ने.सं. ५८१ (वि.सं. १५१८) भाद्रकृष्णप्रतिपदाको[३७]
७) ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमीको[३८]
८) ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमीको[३९]
९) ने.सं. ५९१ (वि.सं. १५२८) श्रावणकृष्णद्वितीयाको[४०]
१०) ने.सं. ५९३ (वि.सं. १५३०) वैशाखशुक्लसप्तमीको[४१]
११) ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुन...को[४२]
१२) ने.सं. ५९४ (वि.सं. १५३१) भाद्रशुक्लद्वादशीको[४३]
१३) ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लचतुर्दशीको[४४]
१४) ने.सं. ५९६ (वि.सं. १५३३) भाद्रकृष्णएकादशीको[४५]
१५) ने.सं. ५९८ (वि.सं. १५३४) माघकृष्णद्वितीयाको[४६]

---

३१. यी लिखतपत्रका फ्याक्सिमिलिको महेशराज पन्त छापिन बाँकी कमा आउँछ ।
३२. महेशराज पन्त २०६२ छ:४ सङ्ख्या ।
३३. उही:२४ सङ्ख्या ।
३४. उही:२६ सङ्ख्या ।
३५. उही:५८ सङ्ख्या ।
३६. उही:८४ सङ्ख्या ।
३७. उही:९४ सङ्ख्या ।
३८. उही:११२ सङ्ख्या ।
३९. उही:११३ सङ्ख्या ।
४०. उही:१२१ सङ्ख्या ।
४१. उही:१२४ सङ्ख्या ।
४२. उही:१२६ सङ्ख्या । मूल ताडपत्र भाँचिएर गएकोले यहाँ पक्ष र तिथि देखिँदैनन् ।
४३. उही:१२८ सङ्ख्या ।
४४. उही:१३६ सङ्ख्या ।
४५. उही:१३८ सङ्ख्या ।
४६. उही:१४२ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६) ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लद्वितीयाको[४७]
१७) ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लद्वितीयाको[४८]
१८) ने.सं. ५९९ (वि.सं. १५३५) माघकृष्णएकादशीको[४९]
१९) ने.सं. ६०१ (वि.सं., १५३८) वैशाखकृष्णपञ्चमीको[५०]

ने.सं. ५५० (वि.सं. १४८७) आषाढशुक्लप्रतिपदाको लिखतपत्रमा सोझो डिको भएको कुरा माथि परिसकेकै छ । तर त्यसभन्दा ३ महीना ४ दिनअगाडिको,[५१] फाल्गुनकृष्णद्वादशी[५२]को लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि भने जस्तै, ने.सं. ५५९ (वि.सं. १४९६) भाद्रशुक्लपञ्चमीको लिखतपत्रमा सोझो डिको छ । तर ने.सं. ५६० (वि.सं. १४९६) माघकृष्णतृतीयाको[५३] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि चर्चा गरिएको, ने.सं. ५६० (वि.सं. १४९६) फाल्गुनशुक्लनवमीको लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा १ महीना २६ दिनपछाडिको, वैशाखशुक्लपञ्चमीको[५४] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि उल्लेख भएको, ने.सं. ५७१ (वि.सं. १५०७) कार्तिककृष्णपञ्चमीको लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा १ महीना १५ दिनअगाडिको, ने.सं. ५७० (वि.सं. १५०७) आश्विनशुक्लपञ्चमीको[५५] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि भने जस्तै, ने.सं. ५७७ (वि.सं. १५१४) श्रावणकृष्णदशमीको लिखतपत्रमा सोझो डिको छ । तर त्यस लिखतपत्रभन्दा ४ महीना ८ दिनअगाडिको, चैत्रकृष्णद्वितीयाको लिखतपत्रमा[५६] भने डिको दायाँ फर्किएको छ । माथि उल्लेख गरिएको, ने.सं. ५८१ (वि.सं. १५१८) भाद्रकृष्णप्रतिपदाको लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा १ महीना १९ दिनपछाडिको, ने.सं. ५८२ (वि.सं. १५१८) कार्तिकशुक्लपञ्चमीको[५७] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि भने जस्तै, ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमीका दुवै लिखतपत्रमा सोझो डिको छ । तर ने.सं. ५८७ (वि.सं. १५२३) माघकृष्णचतुर्दशीको[५८]

---

४७. उही:१४४ सङ्ख्या ।
४८. उही:१४५ सङ्ख्या ।
४९. उही:१५२ सङ्ख्या ।
५०. उही:१५७ सङ्ख्या ।
५१. यहाँ तिथिको घटबढ विचार नगरी ३ महीना ४ दिनअगाडि भनी सोझै लेखिएको छ । तल तल पनि यस्तै छाँटले दिनगन्ती गरिएको छ ।
५२. महेशराज पन्त २०६२ छ:३ सङ्ख्या ।
५३. उही:२५ सङ्ख्या ।
५४. उही:२७ सङ्ख्या ।
५५. उही:५७ सङ्ख्या ।
५६. उही:८२ सङ्ख्या ।
५७. उही:९५ सङ्ख्या ।
५८. उही:१११ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि भने जस्तै, ने.सं. ५९१ (वि.सं. १५२८) श्रावणकृष्णद्वितीयाको लिखतपत्रमा सोझो डिको छ । तर त्यस लिखतपत्रभन्दा ३ महीना १ दिनअगाडिको, वैशाखकृष्णप्रतिपदाको[५९] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि उल्लेख भएको, ने.सं. ५९३ (वि.सं. १५३०) वैशाखशुक्लसप्तमीको लिखतपत्रमा सोझो डिको छ । तर त्यस लिखतपत्रभन्दा ५ महीना ५ दिनअगाडिको, मार्गशुक्लद्वितीयाको[६०] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि भने जस्तै, ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुन...को लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा २ महीना जतिपछाडिको, ने.सं. ५९४ (वि.सं. १५३१) वैशाखकृष्णषष्ठीको[६१] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि चर्चा गरेको, ने.सं. ५९४ (वि.सं. १५३१) भाद्रशुक्लद्वादशीको लिखतपत्रमा सोझो डिको भए पनि त्यसभन्दा ३ महीना २१ दिनअगाडिको, वैशाखकृष्णषष्ठीमा[६१] भने डिको दायाँ फर्किएको छ । हामीले माथि भने जस्तै, ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लचतुर्दशीको लिखतपत्रमा डिको सोझो छ । तर त्यसभन्दा १४ दिनपछाडिको, चैत्रकृष्णत्रयोदशीको[६२] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि चर्चा गरे जस्तै, ने.सं. ५९६ (वि.सं. १५३३) भाद्रकृष्णएकादशीको लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा ८ दिनपछाडिको, आश्विनशुक्लचतुर्थीको[६३] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि चर्चा गरिएको, ने.सं. ५९८ (वि.सं. १५३४) माघकृष्णद्वितीयाको लिखतपत्रमा सोझो डिको छ । तर त्यसभन्दा १४ दिनपछाडिको, फाल्गुनशुक्लप्रतिपदाको[६४] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि उल्लेख गरिएका, ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लद्वितीयाका दुवै लिखतपत्रमा सोझो डिको छ । तर ती लिखतपत्रभन्दा १ दिन अगाडि लेखिएको फाल्गुनशुक्लप्रतिपदाको[६४] र भोलिपल्ट लेखिएको फाल्गुनशुक्लतृतीयाको[६५] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । हामीले माथि चर्चा गरेअनुसार, ने.सं. ५९९ (वि.सं. १५३५) माघकृष्णएकादशीको लिखतपत्रमा सोझो डिको छ । तर त्यस लिखतपत्रभन्दा २ महीना ३ दिनपछाडिको, ने.सं. ५९९ (वि.सं. १५३६) चैत्रकृष्णचतुर्दशीको[६६] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ । माथि उल्लेख गरिएको, ने.सं. ६०१ (वि.सं. १५३८) वैशाखकृष्णपञ्चमीको लिखतपत्रमा सोझो डिको भए तापनि त्यसभन्दा ३ महीना ११ दिनअगाडिको, माघशुक्लनवमीको[६७] लिखतपत्रमा भने डिको दायाँ फर्किएको छ ।

---

५९. उही:१२० सङ्ख्या ।
६०. उही:१२३ सङ्ख्या ।
६१. उही:१२७ सङ्ख्या ।
६२. उही:१३७ सङ्ख्या ।
६३. उही:१३९ सङ्ख्या ।
६४. उही:१४३ सङ्ख्या ।
६५. उही:१४६ सङ्ख्या ।
६६. उही:१५३ सङ्ख्या ।
६७. उही:१५६ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी १५९ वटा लिखतपत्रमध्ये ७ वटा राजा यक्ष मल्लका आफ्नै हुन् । खुलाएर भन्दा ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमीको २ वटा[६८]मध्ये एउटा यक्ष मल्ल र रापतीपार सुपिङ[६९] (सुपिंगाम)का एक जना मुलमीको बीचमा र अर्कोचाहिँ चापागाउँ (व्बाव्बागाम)का अर्का मुलमीको बीचमा फर्पिङको विरोधमा भएको कबूलियत (अभास) हुन्;[७०] ने.सं. ५९३ (वि.सं. १५३०) वैशाखशुक्लसप्तमीको[७१] चाहिँ यक्ष मल्लले भक्तपुर गडछेँटोलको आफ्नो हकभोगको पातालजग्गा बेची गरिदिएको राजीनामापत्र हो; ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुन...को[७२] भने उनले काठमाडौँ लुमडीमा पिशाचचतुर्दशीको दिन गर्नुपर्ने विधिविधानको व्यवस्थाको विषयमा बाँधेको नियमपत्र हो; ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्ल-

---

६८. उही:११२-११३ सङ्ख्या ।

६९. २७.३१ उत्तर अक्षांश र ८५.८ पूर्व देशान्तर भएको सुपिङ भीमफेदीभन्दा दक्षिणमा छ ।[१]

७०. यक्ष मल्लको र फर्पिङका ४ जना रावुतको बीचमा लडाइँ हुँदा यो शास्त्र सारिएको हो भनी ने.सं. ५८८ (वि.सं. १५२४) पौषकृष्णपञ्चमीको दिन सारिसिद्धयाइएको *भार्गवधनुःशास्त्र*को पुष्पिकामा लेखिएको छ ।[२] सुपिङका र चापागाउँका मुलमीसँग यक्ष मल्लको कबूलियत[३] भएको २ महीना जतिपछि सारिसिद्धयाइएको *भार्गवधनुःशास्त्र*को पुष्पिकाबाट त्यस वेला मूल राजा र फर्पिङका पुस्तैनी सामन्तहरूको बीचमा लडाइँ भएको थाहा हुन्छ ।

७१. महेशराज पन्त २०६२ छ:१२४ सङ्ख्या ।

७२. उही:१२६ सङ्ख्या ।

---

१. टप्अग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ अनुसार यस लेखमा ठाउँहरूका अक्षांश र देशान्तर हालिएका हुन् । नक्शाको हकमा *भिम्फेदी*को उपयोग यहाँ गरिएको छ ।

२. महेशराज पन्त २०६२ च:२९-३१ ।

३. यी कबूलियतका फ्याक्सिमिलि र पाठ महेशराज पन्त छापिन बाँकी क:७-८ सङ्ख्यामा आउँछन् ।

यक्ष मल्लले फर्पिङको नजीकै उत्तरमा रहेको चापागाउँका र फर्पिङको दक्षिणपश्चिममा रहेको सुपिङका प्रभावशाली मानिससँग फर्पिङको पक्षमा त्यतातिरका मानिस नलागून् भन्ने अभिप्रायले यो कबूलियत गराएको देखिन्छ । एउटै ताडपत्रमा वायाँपट्टि सुपिङका मुलमीसँगको र दायाँपट्टि चापागाउँका मुलमीसँगको कबूलियत लेखिएकोले यी पत्र मूल नभई मसौदा हुन् कि जस्तो लाग्छ ।

यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका पत्रको सूची (महेशराज पन्त २०६२ छ) छपाउँदा चापागाउँका मुलमीसँग भएको कबूलियतको चर्चा ११२ सङ्ख्याको रूपमा र सुपिङका मुलमीसँग भएको कबूलियतको चर्चा ११३ सङ्ख्याको रूपमा मैले गरेको थिएँ । स्पष्ट गरी भन्दा उही मिति भएका यी कबूलियतमध्ये सुपिङका मुलमीसँगको कबूलियत अगाडि आएकोले त्यसलाई चापागाउँको भन्दा अगाडि राख्नुपर्थ्यो ।

राजा यक्ष मल्लले व्वाव्वागामका अधिकारीलाई लेखेको ।

राजा यक्ष मल्लले सूपिंगामका अधिकारीलाई लेखेको ।

(महेशराज पन्त २०६२ छ:५६ मा ३३-३४ सङ्ख्याका टिप्पणी)

भनी मैले यी २ पत्रको विषयमा लेखेको थिएँ । त्यस वेला यी पत्रको भाव मैले राम्ररी नबुझेकोले यो अशुद्धि हुन गएको हो ।

मूलमा सुपिंगाम लेखिएकोमा मैले भ्रमवश सूपिंगाम छपाएको पनि यस प्रसङ्गमा भन्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीयाका २ वटा[७३]मा एउटा उनले काठमाडौँको आफ्नो हकभोगको जग्गा बेची गरिदिएको राजीनामापत्र हो र अर्कोचाहिँ त्यसैसँग सम्बद्ध पत्र हो; ने.सं. ६०१ (वि.सं. १५३८) द्विराषाढकृष्णचतुर्थीको[७४] पनि उनले खोकनाको आफ्नो हकभोगको जग्गा बेची गरिदिएको राजीनामापत्र हो । यक्ष मल्ल कारणी भएका, यी ७ लिखतपत्रमध्ये ने.सं. ६०१ द्विराषाढकृष्णचतुर्थीको लिखतपत्रमा मात्र डिको दायाँ फर्किएको र बाँकी अरूमा डिको सोझो भएको कुरा चाखलाग्दो छ ।

यक्ष मल्लले खोकनाको आफ्नो जग्गा बेची गरिदिएको राजीनामापत्रमा डिको दायाँ फर्किएको र यक्ष मल्ल र चापागाउँका मुलमीको बीचमा फर्पिङको विरोधमा लेखिएको कबूलियतमा भने डिको सोझो भएकोले २७.३८ उत्तर अक्षांश र ८५.१८ पूर्व देशान्तर भएको खोकनाको लागि र त्यहाँको भन्दा २ अक्षांश कम र २ देशान्तर बढी भएको चापागाउँको लागि उही राजाले लेखेका लिखतपत्रमध्ये एउटामा एक शैलीको र अर्कोमा अर्कै शैलीको डिको हालिएकोले यसको कारण खोतल्न कोशिश गरौँ ।

अब बाँकी १५२ वटा लिखतपत्र कहाँकहाँका हुन् भनी छुट्याउनु पनि यस प्रसङ्गमा राम्रै होला । यसरी छुट्याउँदा किन्नेबेच्नेको भिन्नाभिन्नै इलाका खुलाइएको भए हामीले तिनको पनि खयाल राखेका छौँ । त्यसरी छुट्याउँदा ७० वटा पाटनका,[७५] ४० वटा यम्बूका,[७६] ६ वटा भक्तपुरका,[७७] ५ वटा यङ्गलका,[७८] ३ वटा खोकनाका,[७९] ३ वटा फर्पिङका,[८०] २ वटा ठिमीका,[८१] २ वटा पशुपतिका,[८२] २ वटा बोडेका,[८३] एउटा चापागाउँको,[८४] एउटा चाबहिलको,[८५] एउटा बाँडेगाउँको,[८६] एउटा मागलको,[८७] एउटा लुभुको,[८८] २ वटा

---

७३. उही:१४४-१४५ सङ्ख्या ।

७४. उही:१५८ सङ्ख्या ।

७५. उही:३, ५, ९-१०, १३-१७, १९-२३, २९, ३१, ३३, ३५, ३७, ४०-४१, ४४-४६, ४९, ५१, ५३-५४, ५७, ६०-६५, ७०-७२, ८२-८३, ८५, ९१, ९५, ९८-१०२, १०४-१०६, १०९-११०, ११४, ११६-११७, १२२-१२३, १२७, १३१, १३४, १३७, १३९-१४१, १४३, १४७-१४८, १५०, १५४ सङ्ख्या ।

७६. उही:२, ८, ११-१२, १८, ३४, ३८-३९, ४२-४३, ४७-४८, ५२, ५५-५६, ५९, ६६-६७, ७३-७५, ७९-८०, ८८-९०, ९६, १०७-१०८, ११८-११९, १२५, १२९, १३२-१३३, १३८, १४६, १५१, १५३, १५६, १५९ सङ्ख्या ।

७७. उही:४, ६, ६९, ८४, १२१, १५२ सङ्ख्या ।

७८. उही:३२, ५०, ७८, १०३, ११५ सङ्ख्या ।

७९. उही:७७, ९२, ९७ सङ्ख्या ।

८०. उही:२४, ५८, ९३ सङ्ख्या ।

८१. उही:२५, ७६ सङ्ख्या ।

८२. उही:६८, १२८ सङ्ख्या ।

८३. उही:३०, १११ सङ्ख्या ।

८४. उही:१३६ सङ्ख्या ।

८५. उही:१३० सङ्ख्या ।

८६. उही:८१ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाटन र यम्बूका,[८९] २ वटा बोडे र ठिमीका,[९०] एउटा ठिमी र बाँडेगाउँको,[९१] एउटा पाटन र पाँगाको,[९२] एउटा यम्बू र यङ्गलको[९३] र एउटा साँगा र भक्तपुरको[९४] देखिन आएकाले १४६ वटा लिखतपत्र कहाँका हुन् भन्ने निर्णय गर्न सकिएको छ ।

यी बाँकी ६ वटा लिखतपत्रमध्ये ३ वटामा[९५] ठाउँको नाउँ भए पनि प्रख्यात शहर वा इलाकासँग तिनलाई जोड्न नसकिएकोले ती कहाँका हुन् भन्ने कुराको निर्णय गर्न सकिएन, अब बाँकी ३ वटामध्ये एउटामा २ वटा बहालको नाउँ भएकोमा एउटा पाटनको हो भनी पत्ता लाउन सकिए पनि अर्कोचाहिँ कहाँको हो भनी पत्ता लाउन सकिएन,[९६] अर्कोमा साहू काठमाडौँका भए पनि असामीको वतन खुलाइएको छैन,[९७] झन् अर्कोमा चाहिँ ठाउँको नामै दिइएको छैन ।[९८]

---

८७. उही:१ सङ्ख्या ।

८८. उही:१४९ सङ्ख्या ।

८९. उही:२७, ८७ सङ्ख्या ।

९०. उही:७, १२० सङ्ख्या ।

९१. उही:१५७ सङ्ख्या । ठाउँको खानामा **थेमिविषय** र **थसिवं** लेख्नुपर्नेमा त्यहाँ भ्रमवश दोस्रो ठाउँ छुटेको छ ।

९२. उही:१३५ सङ्ख्या । ठाउँको खानामा **ललितब्रुमा** र **पागंदेश** लेख्नुपर्नेमा त्यहाँ भ्रमवश दोस्रो ठाउँ छुटेको छ ।

९३. उही:३६ सङ्ख्या ।

९४. उही:२६ सङ्ख्या । वान्दिमस्थान घह्छेंटोलका एक जनाले आफ्नो हकभोगको घर साँगाका एकजनालाई वेच्न लेखेको यस राजीनामापत्रमा किन्नेको नाउँवतन दिँदा **श्रीखुपोंब्रुमायां ۰ संङा गोशृङ्गस्थानै ۰ येटा गृहाद्धि-वासिन ۰ गनपतिभारोकस्य नामना सकाशात** ۰ लेखिएकोले साँगा भक्तपुरको राज्यभित्र पर्थ्यो भन्ने कुरा स्पष्ट झल्काइएको छ । किन्नेको नाउँवतन दिइसकेपछि बेच्नेको नाउँवतन दिँदा **अत्रेव ۰ श्रीवांदिमस्थानै ۰ घह्छेंटोलकै वास्तव्य० शुदयरामभारोकस्य नामने शुकीयं स्वभूज्यमानिक०*** भनी लेखिएको छ । खास भक्तपुर शहरभित्र पर्ने **वान्दिमस्थान घह्छेंटोल**** र भक्तपुर राज्यभित्र पर्ने **साँगा** यी दुवै ठाउँलाई भक्तपुरमा पर्ने भनी यताबाट वुझाइएको स्पष्ट देखिन्छ ।

९५. उही:८६, १४२, १५५ सङ्ख्या ।

९६. उही:२८ सङ्ख्या ।

९७. उही:७५ सङ्ख्या । असामीको दर्जा र थरबाट उनी पाटनका जस्ता देखिन्छन् तापनि यस विषयमा ठोकेर भन्न बढी खोजको दरकार पर्छ ।

९८. उही:९४ सङ्ख्या ।

---

* महेशराज पन्त २०५७ ख:१३ मा १७ सङ्ख्याको रूपमा छापिएको पाठ मूल ताडपत्रको माइक्रोफिल्मबाट तयार गरिएको फोटोसँग फेरि एकपटक रुजू गर्दा देखिएको गल्ती सच्याई माथिको पाठ दिइएको हो ।

** वान्दिमस्थानको चिनारीको लागि पुरुषोत्तम लोचन श्रेष्ठ २०५६:२२-२३ र योगेश राज २०६१:५-६ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोभ्रो डिको भएकामा भक्तपुरका ६ वटामध्ये ४ वटामा;[९९] चापागाउँको,[१००] साँगा र भक्तपुरको[१०१] एकवटा पाइएकोमा त्यसमा; पशुपतिका २ वटामध्ये एउटामा;[१०२] फर्पिङका ३ वटामध्ये २ वटामा;[१०३] ठिमीका ३ वटामध्ये एउटामा;[१०४] यम्बूका ४० वटामध्ये एउटामा[१०५] डिको सोभ्रो भएको पाइयो;[१०६] पाटनकोमा चाहिँ सोभ्रो डिको भएको एउटा पनि पाइएन ।[१०७]

यतिको आधारमा छोटकरीमा कतिसम्म भन्न सकिन्छ भने राजकीय शैली सोभ्रो डिको हाल्ने भएकोले भक्तपुरमा खास गरी त्यसै गरी डिको हाल्ने र अन्यत्र भने धेरैजसो दायाँ फर्किएको डिको हाल्ने चलन थियो । साँगालाई वान्दिमस्थान जस्तै खुपोंब्रुमा (भक्तपुर)कै इलाका मानी लेखिएको लिखतपत्रमा[१०८] सोभ्रो डिको भएकोले पनि भक्तपुरतिर दायाँ फर्किएको डिको खास नचलेको देखिन्छ । पशुपतिका २ वटामध्ये एउटामा, फर्पिङका ३ वटामध्ये २ वटामा र ठिमीका ३ वटामध्ये एउटामा सोभ्रो डिको देखिएकोले मूल राजधानीको लिपिशैलीको केही प्रभाव त्यतातिर परेको हो कि जस्तो देखिन गएको छ । पाटनमा जस्तै खोकनाका कुनै पनि लिखतपत्रमा सोभ्रो डिको नभएको र खोकनासँगैको चापागाउँको एउटा मात्र लिखतपत्र पाइएकोमा त्यसमा डिको भने सोभ्रो भएकोको उचित कारण यति कसरत गरे पनि खुलाउन सकिएन ।

यक्ष मल्लले खोकनाको जग्गा बिक्री गरी लेखिदिएको राजीनामापत्रमा पाटन भेकमा चलेको, डिको दायाँ फर्किएको अक्षर हुनाको कारण स्थानीय मानिसहरूको सुविधाको लागि हो कि भनी भन्न मन लाग्छ । यसै प्रसङ्गमा यक्ष मल्लका, काठमाडौँसँग सम्बद्ध, सरकारी र निजी दुवै थरीका लिखतपत्रमा डिको दायाँ नफर्किई सोभ्रो भएको कुरा सम्झनुपर्छ । काठमाडौँमा पनि दायाँ फर्किएकै डिको चलेको हुनाले[१०९]

---

९९. उही:४, ८४, १२१, १५२ सङ्ख्या ।

१००. उही:१३६ सङ्ख्या ।

१०१. उही:२६ सङ्ख्या । माथि ९४ सङ्ख्याको टिप्पणी हेर्नू ।

१०२. उही:१२८ सङ्ख्या ।

१०३. उही:२४, ५८ सङ्ख्या ।

१०४. उही:१५७ सङ्ख्या । माथि ९१ सङ्ख्याको टिप्पणी हेर्नू ।

१०५. उही:१३८ सङ्ख्या ।

१०६. सोभ्रो डिको भएको एउटा लिखतपत्रमा ठाउँको नाउँ दिइएको छैन (उही:९४ सङ्ख्या) ।

१०७. पाटन इलाकाका यंथो गडछेंका ३ वटा (उही:१००, १०९, ११४ सङ्ख्या) र कोथो गहछेंको एउटा (उही:८३ सङ्ख्या) लिखतपत्रमा पाटनका अरू लिखतपत्रको जस्तो डिको दायाँ फर्किएको छैन तापनि पूरै सोभ्रो पनि छैन भन्ने कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

१०८. माथि ९४ सङ्ख्याको टिप्पणी हेर्नू ।

१०९. काठमाडौँका दुवै खण्ड यङ्गल यम्बूमा दायाँ फर्किएको डिको चलेका र यङ्गलका ४० वटा लिखतपत्रमध्ये अपवादको रूपमा एउटामा मात्र सोभ्रो डिको भएको कुरा माथि परिसकेकै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँको जग्गा विक्री गर्न लेखिएको निजी लिखतपत्रमा खोकनाको जग्गा बिक्री गर्न लेखिएको निजी लिखतपत्रमा जस्तै दायाँ फर्किएको डिको नहाली राजकीय शैलीमै सोझो डिको किन हालियो त ।

२.२. विरामचिह्नको विषयमा

यस ताम्रपत्रमा अन्त अन्त भैँ विरामचिह्नको रूपमा छड्के धर्को र दण्डको प्रयोग भएको छ। सबभन्दा पहिले छड्के धर्कोकै विषयमा लेखौँ। छड्के धर्कोको आकार यस ताम्रपत्रमा सर्वत्र एकैनासको छैन। कहीँ यस्तो , कहीँ दायाँपट्टि टुप्पोमा अलिकति मात्र घुम्रिएको र कहीँ अलि धेरै नै घुम्रिई अङ्कुसे जस्तो देखिने धर्को छ। हुनत यी धर्का चित्रमा हेर्दा सानाठूला गरी ३ थरीभन्दा निकै नै बढी प्रकारका देखिन्छन् तापनि त्यो अन्तर कालीगडको हात र छिनुको खेलले र कालको खेलले ताम्रपत्रको सतह सबै ठाउँमा सम्म नभई कहीँ कहीँ खस्रो हुन गई धर्कोको आकार बिग्रन गएकोले मात्र भएको हो भनी निर्धक्क भन्न सकिन्छ। यी ३ थरी छड्के धर्काको प्रयोग छचासमिस गरी यहाँ भएको छ तापनि अङ्कुसे जस्तो घुम्रिएको धर्कोचाहिँ नेवारी खण्डमा मात्र छ। छड्के धर्कोको आकार फरक फरक भए पनि यिनको मतलब फरक फरक छैन कि जस्तो मलाई लाग्छ।[११०]

यस ताम्रपत्रमा दण्ड पनि ३ प्रकारको प्रयोग भएको छ – तिनमा एउटा अहिले पनि चलनचल्तीमा रहेको साधारण दण्ड ; अर्को जहाँ जहाँ दुइवटा दण्ड दिइएको छ, त्यहाँ त्यहाँ दोस्रो दण्ड साधारण र पहिलो दण्डको चाहिँ बीचभन्दा अलि माथि बायाँपट्टि यस्तो चोसो निकालिएको दण्ड र झन् अर्कोचाहिँ साधारण दण्डको बायाँपट्टि बीचतिर यस्तो चोसो निकाली दायाँपट्टिबाट छड्के आएको यस्तो धर्को त्यस दण्डको खुट्टामा जोडिन जोडिन खोजेको। यस ताम्रपत्रको १० पङ्क्तिका ३ वटा दण्डमध्ये पछिल्ला २ मा अपवादको रूपमा तलको तेर्सो धर्को छैन। यस्तै दण्ड २२ पङ्क्तिमा २ ठाउँमा बीचमा गोलो हाली दायाँबायाँ दुइदुइवटा दण्ड दिइएकोमा पहिलोको बायाँपट्टिका २ वटा दण्डमध्ये अघिल्लोमा आएको पनि यस प्रसङ्गमा भन्नुपर्छ।

२ वटा दण्ड सँगै लेख्दा पहिलो दण्डमा चोसो निकालेको मैले नेवारी लिपिका लिखतमा अन्यत्र पनि प्रशस्त देखेको छु।[१११] ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन नेपालमा शिवदेवको पालामा सारिसिद्धचाइएको जातरूपको *अमरकोशटीका*मा देखिएको यस्तो दण्डको विषयमा मैले अन्यत्र लेखि-

---

११०. हेमराज शाक्य २०३०:८४ मा पद विराम चिन्ह भनी थरीथरीका छड्के धर्का दिइएका छन्। तिनमा घुम्रिएका धर्काका उदाहरण देखिए पनि अङ्कुसे खालका धर्का परेका छैनन्।

१११. उदाहरणको लागि *काव्यादर्श*को एउटा पुस्तकमा,[१] *गोपालराजवंशावली*मा,[२] ने.सं. ५०१ (वि.सं. १४३८)

---

१. द्रागोमीर दीमित्रोव २०५८:७१ पृष्ठमा ३४७ सङ्ख्या।

२ धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल २०४२ मा छापिएको फ्याक्सिमिलि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकेको छु ।[११२]

भाद्रशुक्लद्वादशी दिन लेखिसिद्धचाइएको[३] र ने.सं. ५५० (वि.सं. १४८६) फाल्गुनकृष्णचतुर्दशीको दिन लेखिसिद्धचाइएको[४] नेवारी अर्थसहितको *अमरकोषमा,* नेवारी अर्थसहितका, अरू २ वटा *अमरकोषमा,*[५] ने.सं. ५५२ (वि.सं. १४८९) भाद्रकृष्णदशमीको[६] र ने.सं. ५५३ (वि.सं. १४८९) कार्तिककृष्णचतुर्थीको[७] ताडपत्रमा लेखिएका लिखतपत्रमा, ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्लदशमीको भक्तपुर टौमढीटोलको,[८] ने.सं. ५६३ (वि.सं. १४९९) कार्तिकपूर्णिमाको टेबहालको[९] र ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्लप्रतिपदाको पाटन बालकुमारी ससुखेलको शिलालेखमा,[१०] ने.सं. ५६८ (वि.सं. १५०४) कार्तिकशुक्लप्रतिपदाको[११] र ने.सं. ५६X प्रथमाषाढकृष्णप्रतिपदाका[१२] ताडपत्रमा लेखिएका लिखतपत्रमा, ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्णदशमीको ताम्रपत्रमा,[१३] ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणपूर्णिमाको भक्तपुरदरबारको मूलढोकाको शिलापत्रमा,[१४] ने.सं. ५८७ (वि.सं. १५२४) ज्येष्ठपूर्णिमाको दिन सारिसिद्धचाइएको *कुशण्डीकर्म*मा,[१५] ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णद्वितीयाको भक्तपुर तुलाछेँटोलको शिलापत्रमा,[१६] ने.सं. ५८८ (वि.सं. १५२४) पौषकृष्णपञ्चमीको दिन फर्पिङमा सारिसिद्धचाइएको *भार्गवधनुःशास्त्र*मा,[१७] ने.सं. ५९४ (वि.सं. १५३१) ज्येष्ठशुक्लद्वादशीको दिन भक्तपुरमा सारिसिद्धचाइएको *हितोपदेश*मा,[१८] र ने.सं. ५९९ (वि.सं. १५३५) माघशुक्लद्वादशीउप्रान्त त्रयोदशीको दिन काठमाडौँमा सारिसिद्धचाइएको *पञ्चरक्षा*मा[१९] । यस्तो दण्डको थप उदाहरण महेशराज पन्त छापिन बाँकी खमा आउँछ ।

११२. महेशराज पन्त २०५७:७५-७६ = § १.३.२.२ ।

३. ए$_{१}$ = माथि ३३ पृष्ठ ।
४. ए$_{३}$ ।
५. ए$_{२ए}$ र ए$_{४}$ ।
६. महेशराज पन्त २०५७ ख:७ = ९ सङ्ख्या ।+
७. उही:७-८ = १० सङ्ख्या ।+
८. उही छापिन बाँकी:१ सङ्ख्या ।
९. उही:२ सङ्ख्या ।
१०. उही २०६२ ङ:२० ।
११. उही २०५७ ख:२२-२३ = ३१ सङ्ख्या ।+
१२. उही:२३-२४ = ३२ सङ्ख्या ।+
१३. उही छापिन बाँकी:६ सङ्ख्या ।
१४. उही २०६२ ङ:२१ ।
१५. उही २०६२ च:३९ ।
१६. उही छापिन बाँकी:३ सङ्ख्या ।
१७. उही २०६२ च:४० ।
१८. उही:४१ ।
१९. उही:४२ ।

+ यी लिखतपत्रका फ्याक्सिमिलि छापिएका छैनन् । यसैले यिनको मूलपाठ छापिएका ठाउँमा दिइएको माइक्रोफिल्मको रीलसङ्ख्याअनुसार ती ती माइक्रोफिल्म हेरी काम चलाउनुपर्छ । तल जहां यस्तो + चिह्न आउँछ, त्यहां पनि यसै गरी माइक्रोफिल्म हेर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विक्रमको नवौँ शताब्दीको मध्यदेखिका लेखमा यस्तो दण्ड आउँछ भनी गेओर्ग ब्यूलरले लेखेको[११३] र यसको उदाहरणको लागि उनले एउटा अभिलेखको फ्याक्सिमिलि औँल्याएका कुरा यस प्रसङ्गमा स्मरणीय छ[११४]। उनले औँल्याएको यो अभिलेख लाटदेशका राजा त्रिलोचन पाल चौलुक्यको शाके ९७२ (वि.सं. ११०७) को ताम्रपत्र हो।[११५] गेओर्ग ब्यूलरले त्यस्तो चोसो बायाँपट्टिको दण्डमा आउँछ भनी लेखे पनि उनले औँल्याएकै अभिलेखमा एउटै मात्र दण्ड हुँदा पनि बायाँपट्टि त्यस्तो चोसो लागेको देखिन्छ।[११६] एउटै दण्ड भएकोमा पनि बायाँपट्टि चोसो लागेको नेपालमा पनि नपाइने होइन।[११७] [मानदेव]संवत् २३४ (वि.सं. ८६८) चैत्रशुक्लद्वादशीको दिन सारिएको *स्कन्दपुराण*[११८]मा पनि दुइटा दण्डमध्ये अघिल्लोमा यस्तो चोसो लागेको देखिएकोले विक्रमको नवौँ शताब्दीदेखिका लेखमा यस्तो दण्ड पाइन्छ भनी गेओर्ग ब्यूलरले लेखेको कुराको पुष्टि भएको छ।[११९]

तेस्रो प्रकारको दण्ड हाम्रो ताम्रपत्रको नेवारी खण्डमा ९ पङ्क्तिदेखि जहाँ जहाँ एउटा मात्र दण्ड छ, त्यहाँ त्यहाँ आएको छ।[१२०]

साधारण दण्डको बायाँपट्टि बीचतिर यस्तो ◢ चोसो निकालिएको दण्डको बायाँपट्टिबाट छड्के आएको यस्तो ◥ धर्को त्यस दण्डको खुट्टाभन्दा तल गई बनेको यस्तो ◢ विरामचिह्न नेवारी लिपिका लिखतमा अन्यत्र आएको देखिएको छ।[१२१] तर छड्के आएको त्यो धर्को यस ताम्रपत्रमा जस्तो ठचाम्म जोडिएको

११३. गे. ब्यूलर १९५३ § ३६ से, (२) (८४ पृ.) = योहन गेओर्ग ब्यूलर १९६१:८९ = मंगलनाथ सिंह २०२२:१८१-१८२ = गेओर्ग ब्यूलर २०३६/३७:१०८।

११४. गे. ब्यूलर १९५३:८४ मा २४ सङ्ख्याको टिप्पणी = योहन गेओर्ग ब्यूलर १९६१:८९ मा ८ सङ्ख्याको टिप्पणी र मंगलनाथ सिंह २०२२:१८१-१८२ = गेओर्ग ब्यूलर २०३६/३७:१०८ मा ४५३ सङ्ख्याको टिप्पणी हेर्नू।

११५. एच.एच. ध्रुव १९४०:२०२ र २०३ पृष्ठको बीचमा भएको फ्याक्सिमिलि।

११६. उही:१ प्लेट्को ६, ९ पङ्क्ति, २ बी प्लेट्को १, ९ पङ्क्ति र ३ प्लेट्को १० पङ्क्ति।

११७. उदाहरणको लागि
ए$_{१}$ = माथि ३३ पृष्ठ।
मोहनप्रसाद खनाल २०४०:३९ र ४६ चित्रसङ्ख्या।
ए$_{३ए}$ = माथि ३४ पृष्ठ।

११८. कृष्णप्रसाद भट्टराई २०४५:९८४।
रोब अद्रिएन्सेन, हन्स टी. बक्कर र हारुनागा आएजक्सन २०५१:३२६।

११९. शङ्करमान राजवंशी २०३१:२० प्लेट्।
रोब अद्रिएन्सेन, हन्स टी. बक्कर र हारुनागा आएजक्सन २०५५: *इन्ट्रडक्शन्* (उपोद्घात)भन्दा अगाडि राखिएको फोटो।

१२०. अपवादको रूपमा १० पङ्क्तिको तेस्रो दण्ड छड्के धर्कोबाहेकको यस्तो ◢ छ। यस्तो दण्ड ने.सं. ५७९ (वि.सं. १५१६) ज्येष्ठशुक्लदशमीको, ताडपत्रमा लेखिएको लिखतपत्र (महेशराज पन्त २०४५:१)मा पनि आएको छ।

१२१. महेशराज पन्त छापिन बाँकी खका १, ४-८ र १० सङ्ख्या।
ए$_{७}$को १३६क पत्रको २ पङ्क्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छैन र हेर्दा वाक्यखण्डमा आउने छड्के धर्को दिएर फेरि दण्ड पनि दिएको जस्तो देखिन्छ । चोसो ननिकालिएको, साधारण दण्डको अगाडि पनि यस्तो छड्के धर्को हालेको नेवारीमा अर्थ खुलाइएको, *अमरकोष*को एउटा पुस्तक(ए७)मा कहीँ कहीँ देखिएको छ ।

दुइवटा दण्ड दिई पहिलो दण्डको बायाँपट्टि चोसो ननिकालीकनै लेखिएको त्यसैको बायाँपट्टि तल्लो भागमा छड्के धर्को दिएको पनि देखिएको छ। खुलाएर भन्नुपर्दा एउटा लिखतपत्रमा यस्तो ⸜ छड्के धर्को दिई हालिएको यस्तो ⸜⸜ विरामचिह्न[१२२] र नेवारीमा अर्थ खुलाइएको, *अमरकोष*को एउटा पुस्तक(ए७)मा यस्तो ⸜ छड्के धर्को दिई यस्तो ⸜⸜ विरामचिह्न दिइएको छ ।[१२३]

२ वटा लिखतपत्रमध्ये एउटामा सँगसँगै दिइएका दुइवटा दण्डमध्ये दायाँपट्टिको पछाडि यस्तो ⸜ धर्को दिई त्यस दण्डको खुट्टाभन्दा तल गई बनेको यस्तो ⸜⸜ विरामचिह्न[१२४] भएको र अर्कोमा चाहिँ दायाँबाट बायाँपट्टि आएको यस्तो धर्को ⸜ दिई बनेको यस्तो ⸜⸜ विरामचिह्न[१२५] भएकोले छड्के धर्को र चोसो निकालेको दण्ड २ भिन्नाभिन्नै विरामचिह्न हुन् कि जस्तो पनि देखिन्छ ।[१२६]

(बाँकी पछि)

---

१२२. उही ९ सङ्ख्या ।

१२३. तल § ७.४ मा १४ र १९ सङ्ख्यामा उद्धरण गरिएका वाक्य हेर्नू ।

१२४. उही २ सङ्ख्या ।

१२५. उही ३ सङ्ख्या ।

१२६. ताडपत्रमा लेखिएका पुस्तकमा यस्तो ⸜ दण्ड पनि भेटिएको छ। यस्तो दण्ड खास गरी पङ्क्तिको दायाँ छेउमा अन्तिम अक्षरपछि र ताडपत्रमा धागो छिराई बाँध्नको लागि बनाइएको प्वालको वरिपरि छोडिएको ठाउँको बायाँपट्टि अन्तिम अक्षर लेखिएपछि भेटिन्छ । उदाहरणको लागि ने.सं. २३९ (वि.सं. ११७६) श्रावण-कृष्णअष्टमीको दिन नेपालमा शिवदेवको पालामा सारिसिद्धयाइएको जातरूपको *अमरकोशटीका* (केसर-पुस्तकालयको लेखोट पुस्तकको ५६० सङ्ख्या = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या सी १२१/१), ने.सं. ५५० (वि.सं. १४८६) फाल्गुनकृष्णचतुर्दशीको दिन लेखिसिद्धयाइएको नेवारी अर्थसहितको *अमरकोष* (ए३) र वाचस्पति मिश्रको *तत्त्वसमीक्षा* (राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तकको ४ को १६३६ सङ्ख्या = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या बी २२/१६) हेर्नू। यसरी पछाडि दिइएको छड्के धर्को सँगसँगै दिइएका दुइवटा दण्डमध्ये दायाँपट्टिको दण्डमा, अघिल्लो पछिल्लो २ वटै दण्डमा र एउटा मात्रै दण्ड दिँदा पनि *अमरकोशटीका*मा देखिएको छ (महेशराज पन्त २०५७:६३) । ए३ मा चाहिँ धेरै ठाउँमा एउटा मात्र दण्ड दिँदा यस्तो दण्ड भेटिएको छ । *तत्त्वसमीक्षा*मा पनि यस्तै छ (दिवाकर आचार्य २०६३:फ्याक्सिमिलि) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुवर्णमाला लिन के गरोइन

- महेशराज पन्त

बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९) परलोक हुनुभएपछि वि.सं. २०६० मा *पूर्णिमा*का १०४ देखि १०७ सम्मका ४ वटा पूर्णाङ्कमा हामीले लगालग उहाँका छापिन बाँकी लेख र उहाँको जीवनकालमा छापिएका कृतिको सूची छपायौँ । बुबाले लक्ष्मीप्रसाद देवकोटाको **उफर सानु शावके सानु स्वर्ग छ** जस्तो कविताको शैलीमा द्रुतविलम्बित छन्दमा उटपटचाङ ढङ्गले लेख्नुभएका ५ वटा पद्य यसै क्रममा *पूर्णिमा*को १०७ पूर्णाङ्कका २६-२७ पृष्ठमा पाँचौँ पद्यको पछिल्लो पाउ अर्थात् **जय रहून् यिनी कान्तिपुरी सदालाई** शीर्षक बनाई छापियो । ती पद्य छाप्दा हामीले आफ्नो तर्फबाट यस्तो लेखेका थियौँ –

> **नेपालीभाषाप्रकाशिनी समितिमा छापिन आएका पुस्तकहरूको परीक्षा गर्ने काम त्यस समितिका उपसमितिको सदस्यको हैसियतले नयराज पन्तले गर्नुपर्थ्यो । त्यसै सिलसिलामा उहाँले लक्ष्मीप्रसाद देवकोटाका उफर सानु शावके सानु स्वर्ग छ जस्ता कवितामा शब्दशक्तिको घोर अभाव भएकोले त्यस्ता कविताको समितिमा आफूले घोर आलोचना गरेको कुरा हामीलाई बराबर सुनाउने गर्नुहुन्थ्यो । त्यस्तो कवितालाई हँसीमा उडाउने प्रसङ्गमा त्यस्तै छाँटको यो कविता उहाँले लेख्नुभएको देखिन्छ । माथिको शीर्षक यस कविताको सबभन्दा पछिल्लो पाउ टिपेर हामीले राखेका हौँ ।**

यसपछि बुबाका ती पद्यको विषयमा हंसपुरे सुवेदीको लेख प्रकाशमा आयो ।[1] त्यस लेखमा ती पद्यको व्याख्या गर्ने र ती पद्य किन लेखिए भन्ने विषयमा आफ्नो ढङ्गले लेख्ने कोशिश गरिएको छ । ती पद्य *पूर्णिमा*मा छापिएका हुन् भनी त्यहाँ लेखिएको छ तापनि त्यो लेख पढ्दा ती पद्य किन लेखिए भन्ने विषयमा चर्चै नगरी खालि ती पद्य मात्र *पूर्णिमा*मा यसै छापिएका हुन् भन्ने भ्रम पर्ने हुनाले ओदनपाणिनीयहरूको सानो मनको नमूना बन्न गएको त्यस लेखको विषयमा यति लेख्नुपरेको हो ।

> **यथेच्छ नै पुस्तकभित्र देखिने यी वर्णमाला पनि चोर्न तंसिने ।**
> **मनुष्यले लोकमनोविमोहन सुवर्णमाला लिन के गरोइन ।[2]**
>
> – नयराज पन्त

---

१. वि.सं. २०६२ मा काठमाडौँबाट महेन्द्रसंस्कृतविश्वविद्यालयको अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *ऋतम्भरा* ११ अङ्कका ११४-१२१ पृष्ठमा छापिएको, हंसपुरे सुवेदीको *महाकवि लक्ष्मीप्रसाद र गुरु नयराज* ।

२. वि.सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, नयराज पन्तको *विद्या-रक्षा* ९ संख्या – *एउटाले रचना गरी प्रकाश गराएका कृतिलाई अर्काको नाममा दर्ता गर्नु तथा गराउनु न्याययुक्त कुरो होइनको* ३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धिपत्र

१४ पृष्ठमा दिनेशराज पन्त २०४५ पछि दिवाकर आचार्य २०६३ आएपछि मात्र देविचन्द्र श्रेष्ठ २०३९ आउनुपर्ने ।

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१३	२१ टिप्पणी	*नेपाल* उनैको माथि नाउँ किटिएको पुस्तकसँग विषयवस्तु र छपाइ	*नेपाल*को विषयवस्तु र छपाइ उनैको नाउँ किटिएको पुस्तकसँग
१४	१९	शताइनेरद्वारा	शताइनरद्वारा
२७	३२ टिप्पणीको २ पङ्क्ति	विनोदराज	विनोद राज
४०	६	अङ्क वुझाउने	शव्दद्वारा अङ्क वुझाउने
४४	१२	ताम्रपत्रका	ताम्रपत्रको
४९	२७	शिवा तिनलाई	शिवा
५१	३१ टिप्पणी	फ्याक्सिमिलिको	फ्याक्सिमिलि
५१	३१ टिप्पणी	आउँछ	आउँछन्
५७	१०९ टिप्पणीको १ पङ्क्ति	यङ्गलका	यम्वूका
६०	७	सारिएको	सारिसिद्धचाइएको
६०	८	शताब्दीदेखिका	शताब्दीको मध्यदेखिका
६०	१४	तर छड्के आएको त्यो धर्को यस ताम्रपत्रमा जस्तो ठचाम्म	छड्के आएको त्यो धर्को यस ताम्रपत्रमा जस्तै
६०	१२० टिप्पणी १ पङ्क्ति	अपवादको रूपमा १० पङ्क्तिको तेस्रो दण्ड छड्के धर्कोवाहेकको यस्तो ৫ छ ।	यस ताम्रपत्रमा अपवादको रूपमा आएको यस्तो ৫ दण्डको विषयमा माथि ५८ पृष्ठमा § २.२ को दोस्रो कण्डिकामा खुलाएर लेखिएको छ ।
६०	१२० टिप्पणीको २ पङ्क्ति	२०४५:१	२०४५:१+
६०	१२१ टिप्पणीको १ पङ्क्ति	खका	ख:
६१	१२२ टिप्पणी	उही	महेशराज पन्त छापिन वाँकी ख:
६१	१२४ टिप्पणी	उही	महेशराज पन्त छापिन वाँकी ख:

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल - samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६३ आश्विन

यस अङ्कको मूल्य रु. ९०।-

मुद्रक

लुष प्रेस

शङ्खमूल रोड, सुरुचिमार्ग, नयाँ बानेश्वर

काठमाडौँ

नेपाल

फोन नं. ४-७८२८२४